का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ साउन २०८२,
आइतबार
20 July, 2025
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २३, अंक १६८ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

२०८४ को चुनाव

## विदेशबाट भोट हाल्न पाउने सम्भावना न्यून






विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुरक्षित गर्ने सम्बन्धमा फैसला कार्यान्वयन निर्देशनालयले ताकेता गरेको छ । अब आयोगले यस्तो ताकेता आयो भनेर गृह मन्त्रालयलाई अनुरोध गर्नेछ ।

■ **सुमन घिमिरे**
सूचना अधिकारी
निर्वाचन आयोग

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ साउन ।

विदेशमा रहेका नेपाली नागरिकलाई बसेकै ठाउँबाट मताधिकार प्रयोग गर्न दिनुपर्ने बहस चलेको एक दशक बढी भयो । २०६९ सालमा तत्कालीन सरकारले विदेशमा रहेका नेपाली नागरिकहरूलाई मताधिकार प्रदान गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन नै गरेको थियो ।

त्यसबेलै यस सम्बन्धमा सर्वोच्च अदालतमा निवेदन पर्‍यो । निवेदनउपर सुनुवाइ गर्दै सर्वोच्च अदालतले विदेशमा रहेका नेपालीलाई मताधिकार दिने व्यवस्था गर्न सरकारलाई निर्देशनात्मक आदेश दिएको पनि ८ वर्ष भयो । तर अझैसम्म विदेशमा रहेका नेपाली नागरिकले आफू रहेकै ठाउँबाट भोट गर्न पाउने कानुन बन्न सकेको छैन । ७ चैत २०७४ मा सर्वोच्च अदालतले विदेशमा रहेका नेपालीलाई मताधिकार दिने व्यवस्था गर्न दिएको आदेशमा त्यसका लागि चार वटा विधिहरू समेत सुझाएको थियो । जसअन्तर्गत सम्बन्धित देशमा रहेका नियोगहरूमा गएर मतदान गर्ने, हुलाकमार्फत मतदान गर्ने, मतदाताका प्रतिनिधिमार्फत हुने प्रोक्सी मतदानको प्रावधान राख्न सकिने र इलेक्ट्रोनिक मतदानका विकल्प दिइएको थियो । तर यी कुनै पनि विकल्पमा गएर विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार प्रयोग गर्न दिनेबारे सरकारले कानुन बनाउन सकेको छैन ।

यही बेला फैसला कार्यान्वयन निर्देशनालयले निर्वाचन आयोगको ध्यानाकर्षण गराएको छ । बिहीबार निर्देशनालयले विदेशमा पृष्ठ २ मा

सर्वोच्च अदालतले विदेशमा रहेका नेपालीलाई मताधिकार दिने व्यवस्था गर्न सरकारलाई निर्देशनात्मक आदेश दिएको ८ वर्ष भयो । तर अझैसम्म विदेशमा रहेका नेपाली नागरिकले आफू रहेकै ठाउँबाट भोट गर्न पाउने कानुन बन्न सकेको छैन ।

कोरोनाबाट बच्ने उपाय

- नियमित रुपमा साबुन पानीले हात धोऔं,
- संक्रमित वा शंकास्पद व्यक्तिको सम्पर्कबाट टाढा रहा,
- रुघाखोकी लागेका व्यक्तिको नजिक वा सामुन्नेमा नवसौ,
- अनावश्यक रुपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
- भीडभाडमा नजाऔं र जाने पर मास्क लगाएर जाऔं,
- वारम्बार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रुमालको सरसफाइमा ध्यान दिऔं,
- खोक्दा वा हाच्छ्यु गर्दा पाखुराले वा रुमालले नाकमुख छोपौं,
- खोप अनिवार्य रुपमा लगाओं,
- कोरोनाको लक्षण देखिएमा तुरुन्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रचण्ड-शेखर र विद्याको भेटले तरंग

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३ साउन ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसँग नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले गरेको छलफलले राजनीतिक तरंग उत्पन्न भएको छ ।

सत्तारूढ दलका विपक्षी धारका नेता र प्रमुख प्रतिपक्षी दलका नेताबीचको भेटलाई लिएर अनेकन बहसहरू भइरहेका बेला उक्त विषयले सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेको पोलिटब्युरो बैठकमा समेत चर्चा पाएको हो ।

सत्ताको प्रमख सहयात्री दल कांग्रेसका प्रभावशाली नेता कोइरालाले विपक्षी दल माओवादी अध्यक्ष प्रचण्ड र सरकारकै नेतृत्वकर्ता एमालेका पूर्वउपाध्यक्ष समेत रहेकी पूर्वराष्ट्रपति भण्डारीसँगको छलफलले नयाँ सत्ता समीकरणको विकल्प खोज्ने प्रयास भएको नेताहरूले बताएका छन् ।

एमाले पोलिटब्युरो बैठकमा पोलिटब्युरो सदस्य महेश बस्नेतले यो विषय उठाएका हुन् । उनले भने, 'अहिले प्रचण्ड, शेखर र विद्या भण्डारी मिलेर सत्ता समीकरण खोज्दै छन् भनेर अमरेशकुमार सिंहले भन्ने, चीन भ्रमणदेखि नारायणकाजी, शेखर कोइरालासँग विद्या कमरेडको भेटघाट र सहयोग माग, वाम एकताको नाममा फेरि एमाले कमजोर पार्ने चालमा कम्युनिष्ट विरोधी तत्व सल्बलिएका छन्, घुस्न दिनुहुन्न अन्तिम निर्णय हाम्रो पार्टीको संगठन भित्रैबाट मात्रै हुन्छ ।'

बैठकमा कांग्रेस नेता कोइरालाको सक्रियतामा नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, पूर्वराष्ट्रपति भण्डारी मिलेर नयाँ सत्ता समीकरण खोजेको नेताहरूले बताए । केपी ओली नेतृत्वको सरकारबाट रुष्ट बनेका नेता कोइरालाले प्रचण्ड र भण्डारीसँग २ दिनअघि छुट्टा-छुट्टै भेट गरेका थिए । शेखरसँग प्रचण्ड निवास पुगेका स्वतन्त्र सांसद अमरेशकुमार सिंहले नयाँ समीकरणको तयारी भइरहेको दाबी गर्दै आएका छन् ।

प्रचण्ड, विद्या भण्डारी, माधव नेपाललगायतको सहयोगमा यो सरकार ढालेर नेता डा. कोइराला प्रधानमन्त्री बन्ने तयारी रहेको पृष्ठ २ मा

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले प्रमुख विपक्षी दलका अध्यक्ष प्रचण्ड र एमाले नेतृत्वमा आउन खोजिरहेकी विद्या भण्डारीसँग भेट गरेपछि सबै राजनीतिक दलभित्र तरंग पैदा गरेको छ ।




पूर्वराष्ट्रपति-उपराष्ट्रपतिको राजनीतिक पुनरागमन

## अप्ठ्यारोमा विद्या पासाङलाई सहज



गणतन्त्रको गौरवको रूपमा रहेको व्यक्ति राजनीतिमा प्रवेश गर्नु गम्भीर विषय हो, यसलाई पार्टीले उचित निर्णय लिन्छ ।

■ **केपी ओली**
प्रधानमन्त्री



'जबज'को रक्षाका निम्ति पूर्वराष्ट्रपति पुरानो पार्टीमा फर्कन लागेको हो भने त त्यो आफैंमा 'जबज'को स्पिरिटविरोधी कुरा हुन्छ ।

■ **बाबुराम भट्टराई**
पूर्वप्रधानमन्त्री

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३ साउन ।

नेपालको राजनीतिमा नयाँ अभ्यासस्वरूप पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपति नै पार्टी राजनीतिमा सक्रिय भएपछि विभिन्न कोणबाट बहसहरू भइरहेका छन् । सम्माननीय भइसकेका व्यक्तिहरू फेरि राजनीतिमा फर्कने विषय कानुनीरूपमा बन्देज नभएपनि उनीहरूमाथि नैतिक प्रश्नले पृष्ठ २ मा

### भण्डारीको सदस्यता स्थगन

नेकपा एमालेको पोलिटब्युरो बैठक सम्पन्न भएको छ । शनिबार सम्पन्न बैठकपछि नेकपा एमालेका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले निर्णयहरू सार्वजनिक गरेका छन् । उनले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण पेन्डिङ (स्थगित) अवस्थामा रहेको बताए । भण्डारीको सदस्यता नवीकरणबारे छलफल हुने भन्दै उनले भने, 'अहिले नवीकरण पृष्ठ २ मा



वैदेशिक रोजगार विशेष

## सेवा शुल्कको उच्चतम सीमा तोक्नुपर्ने पक्षमा विभाग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ साउन ।

वैदेशिक रोजगार विभागले सेवा शुल्कसम्बन्धी हालको अन्योल र विवाद समाधानका लागि देशगतरूपमा अलग-अलग लागतको उच्चतम सीमा तोक्न जरुरी रहेको बताएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघसहित वैदेशिक रोजगार व्यवसायीहरूले सरकारले एकपक्षीय रूपमा लागू गरेको १० हजार सेवा शुल्क अव्यवहारिक भएकाले कार्यान्वयनमा लैजान नसकिने अडान राख्दै आएका छन् ।

विभागले शुक्रबार पत्रकार सम्मेलनमा वितरण गरेको विज्ञप्तिमा वैदेशिक रोजगार सुधारका लागि तयार गरिएको आगामी कार्यदिशा शीर्षकमा भनिएको छ, 'इजाजतपत्रवालाले लिन पाउने सेवा र प्रवर्द्धन शुल्कलाई पनि देशगतरूपमा अलग-अलग लागतको उच्चतम सीमा तोक्न उपयुक्त हुन्छ ।'

म्यानपावर कम्पनीको सेवा शुल्कका सम्बन्धमा विभागमा विभिन्न प्रकारका उजुरी दर्ता हुने गरेका छन् । १० हजार सेवा शुल्क तिरेर गएका कामदार विभिन्न कारणले करार अवधि समाप्त नहुँदै फर्केको अवस्थामा विवाद सिर्जना हुने गरेको छ भने बिचौलिया र केही म्यानपावर कम्पनीले विदेशमा पाउने तलब तथा अन्य सुविधाको आधारमा आफूखुशी सेवा शुल्क तोकेर नगदमा असुल गर्ने गरेका छन् ।

विभागले वैदेशिक रोजगार ऐनको दफा २४ मा रहेको सेवा शुल्क तथा प्रवर्द्धन खर्च सम्बन्धमा परिवर्तन आवश्यक रहेको धारणा सार्वजनिक गरेको छ ।

विभागले भनेको छ, 'यो व्यवस्थालाई आवश्यक संशोधन गरी वैदेशिक रोजगारीमा जानका लागि छनोट भइसकेको कामदारले मात्र इजाजतपत्र प्राप्त संस्थाको बैंक खातामा रकम जम्मा गर्न सक्ने व्यवस्था हुन सकेमा कामदारले तिर्नुपर्ने वास्तविक रकम मात्र तिर्नुपर्ने व्यवस्था गर्न सकिने देखिन्छ । त्यसैगरी इजाजतपत्रवालाले लिन पाउने सेवा र प्रवर्द्धन शुल्कलाई पनि देशगतरूपमा अलग अलगरूपमा उच्चतम सीमा तोक्न उपयुक्त हुन्छ ।' वैदेशिक रोजगारीमा जाने कामदारका लागि सरकारले नै सहुलियत पृष्ठ २ मा

### गणतान्त्रिक मञ्चद्वारा सदस्यता वितरण र सम्मान



**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले केही व्यवसायीहरूलाई मञ्चको सदस्यता वितरण र उल्लेख्य संख्यामा कामदार पठाउने मञ्चका सदस्य केदारनाथ अधिकारीलाई सम्मान गरेको छ ।

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा पूर्वश्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री एवं पृष्ठ २ मा

WE ARE HIRING
Join Our Team
A fair and responsible foreign recruitment organization having requesting interested candidates to submit their application for the following position:
Documentation Officer - 5 (Male/Female)
SALARY Negotiable
Requirements:
- Educational qualification +2 pass.
- Should know Nepali & English typing, With computer Knowledge.
- Minimum 2 years experience in the recruitment field.
Send your cv on office mail : wahaa.nepal@gmail.com
WAHAA MANPOWERS SUPPLIER PVT. LTD.
Kalopool 7, Kathmandu, Nepal, Tel: +977- 014581670, 4583566. Mobile :985-1092822
Govt Lic No. 469/060/061

मध्यान्ह
www.madhyanhadaily.com
४ साउन २०८२ आइतबार
20 July 2025, Sunday

### कुलिङ अफ पिरियड तोडमोड प्रकरण

# विज्ञहरुलाई राखेर अनुसन्धान प्रक्रिया अघि बढाइयो

**काठमाडौं/मस–** संघीय निजामती सेवा विधेयकको कुलिङ अफ पिरियडमा भएको तोडमोडबारे छानबिन गर्न गठित संसदीय विशेष समितिले विज्ञहरुलाई राखेर अनुसन्धान अघि बढाएको छ।

सिंहदरबारमा शनिबार बसेको बैठकले विज्ञको रुपमा संविधानविद् काशिराज दाहाललाई समितिमा राखेर छानविन प्रक्रिया अघि बढाएको हो। बैठकपछि कुरा गर्दै समितिका संयोजक जीवन परियारले १२ औं दिनको १८ बैठक बसेको र शनिबार समिति गठन भएको १३ औं दिन भएको बताए।

उनले विगतमा कसरी र के काम भए, बाँकी कामहरु कसरी अघि बढाउने, छानविनका क्रमहरु कसरी अघि बढाउने भन्नेबारेमा बैठकमा छलफल भएको जानकारी दिए।

समितिले निर्णय गरेअनुसार संविधानविद् काशिराज दाहाललाई विज्ञको रुपमा शनिबारको बैठकदेखि समितिमै राखेर काम सुरु गरेको बताए। बैठकमा महान्यायाधिवक्ताको कार्यालयलाई पत्राचार गरेर एक जना सहन्यायाधिवक्ता र एक जना उपन्यायाधिवक्तासमेत बैठकमा निरन्तर रहने गरी छानविनमा सहयोग गर्नका लागि बोलाइएको बताए।



उनले भने, 'समितिको बैठक सुरु भएको १२ औं दिन भएको छ। प्रतिनिधि सभाबाट समिति गठन भएको १३ औं दिन हो। १८ औं बैठक सम्पन्न गरिसकेका छौं। विगतमा कामहरु कसरी अघि बढाएका थियौं, बाँकी कामहरु कसरी अघि बढाउने, छानविनका क्रमहरु कसरी अघि बढाउने भन्नेबारेमा छलफल गरेका छौं। हामीले विज्ञहरुको पनि निर्णय लिनेगरी काम अघि बढाएका छौं। जसमा समितिले निर्णय गरेअनुसार संविधानविद् काशिराज दाहाललाई विज्ञको रुमपा आजदेखि समितिमै बस्नेगरी तयारी गरेका छौं। महान्यायाधिवक्ताको कार्यालयलाई पत्राचार गरेर एक जना सहन्यायाधिवक्ता आउनुभएको छ भने एक जना उपन्यायाधिवक्तासमेत हाम्रो बैठकमा निरन्तर रहने गरी छानविनमा सहयोग पुऱ्याउन आग्रह गरेका थियौं। सोही बमोजिम उहाँहरु आजको बैठकमा सहभागी हुनुहुन्छ। छलफल जारी छ, सोधपुछ भइरहेको छ। धेरै कामहरु सम्पन्न गरिसकेको अवस्था छ।'

उनले बैठकमा अनुसन्धानको काम जारी रहेको र धेरै कामहरु सम्पन्न भइसकेको अवस्था रहेको बताए। समिति गठन भएको मितिले २१ दिनभित्र आफ्नो प्रतिवेदन पेश गर्न समितिलाई कार्यादेश दिइएको छ।

# छाउपडी प्रथाविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न निर्देशन

**कैलाली/मस–**सुदूरपश्चिम प्रदेश सरकारले सामाजिक कूरीतिविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न प्रदेशभित्रका सबै स्थानीय तह र जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिने निर्णय गरेको छ।




शनिबार धनगढीस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न बैठकले केही दिनअघि कञ्चनपुरको कृष्णपुर नगरपालिका-१, निगालीमा छाउगोठमा सुतेको अवस्थामा सर्पदंशबाट एक जना महिलाको मृत्यु भएको घटनासमेतको गाम्भीर्यतालाई मध्यनजर गर्दै उक्त निर्णय गरिएको मुख्यमन्त्री मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

प्रदेश सरकारले छाउगोठको उन्मूलन र समाजमा देखिएका सामाजिक विभेद एवं छुवाछुतयुक्त व्यवहारको नियमनलाई थप प्रभावकारी ढंगले अगाडि बढाउने भएको छ।

छाउपडी प्रथाजन्य कूरीति उन्मूलन नीति, २०७६ तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्न प्रदेश, जिल्लास्तरीय र स्थानीय तहस्तरीय समितिले नियमित बैठक गर्ने र नियमित रुपमा आआफ्नो कार्यक्षेत्रमा अनुगमन गरी सक्रियता बढाउने निर्णय गरिएको छ।

साथै, सामाजिक विकास मन्त्रालयमार्फत विद्यालय, समुदाय र धार्मिक संघसंस्था लक्षित प्रदेशस्तरीय वार्षिक कार्ययोजना बनाई छाउपडी प्रथाजन्य कूरीति तथा जातीय विभेदविरुद्ध जनचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ।

# पोखरा–मुग्लिन सडकको पश्चिम खण्डमा ११ पुल बने

**गण्डकी/मस-पोखरा–** मुग्लिन सडक आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)मा ११ पुल बनिसकेका छन् भने दुई पुल निर्माणाधीन छन्। तनहुँको म्याग्देखोला, कुम्लेखोला, ठाडेखोला, सम्धीखोला, मूलखोला, फेदीखोला-१, फेदीखोला-२, रुदीखोला, हलेदीखोला, कालीखोला र कास्कीको कोत्रेखोलामा पुल निर्माण सकिएको हो।

आयोजनाको पश्चिम खण्डका प्रमुख कृष्णबहादुर कुँवरका अनुसार सडक ठेक्काअन्तर्गत कास्कीको विजयपुर र पुल ठेक्काअन्तर्गत सेती पुल निर्माणको चरणमा छ। विजयपुर खोला पुलको भौतिक प्रगति ६० प्रतिशत पुगेको छ भने सेती पुलको भौतिक प्रगति ४८ प्रतिशत पुगेको उनले जानकारी दिए। विजयपुर पुल बन्न अझै पाँचदेखि छ महिनासम्म लाग्ने प्रमुख कुँवरले बताए।

आगामी भदौमा तीनवर्षे ठेक्का अवधि सकिन लागेको सेती पुलको भौतिक प्रगति पनि न्यून देखिएको छ। विसं २०७९ साउनमा रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको जिम्मा लिएको थियो। पुलको डिजाइन स्वीकृतदेखि मापदण्डभित्रका संरचना हटाउनेसम्मका काममा ढिलाइ भएकाले पुल समयमै बन्न नसकेको प्रमुख कुँवरले बताए।

केबल-स्टेड प्रविधिको उक्त पुलमा सब-स्ट्रक्चरको काम सकिएको र अहिले डाउनस्ट्रिम पुलमा सुपर-स्ट्रक्चरको काम भइरहेको उनको भनाइ छ। आकर्षक डिजाइनमा बन्ने उक्त सिग्नेचर पुलको जग निर्माणमा बढी समय लागे पनि टावरलगायत माथिल्लो संरचनाको काम छिटो हुने निर्माण कम्पनीले जनाएको छ। छ लेनको उक्त सडकमा अहिले रहेको चाइना पुलको तल र माथि गरी आकर्षक बनावटका दुई वटा सिग्नेचर पुल बन्ने भएका हुन्।

एसियाली विकास बैंकको ऋण सहयोगमा सडक विभागमार्फत उक्त पुल निर्माण भइरहेको हो। भ्याटबाहेक रु ९४ करोडको ठेक्कामा पुल निर्माणको काम भइरहेको हो। पुलमा कङ्क्रिट र फलामको प्रयोग गरिएको छ। पुल निर्माणपूर्व विदेशी प्राविधिकसहितको टोलीले पुलको डिजाइन गरेको थियो। पोखरा-मुग्लिन सडक चार लेनमा विस्तार तथा स्तरोन्नति आयोजनाअन्तर्गत पश्चिम खण्डमा पोखराको सेती र पूर्वी खण्डतर्फ तनहुँको मादी नदीमा सिग्नेचर पुल निर्माण भइरहेको हो।

पचास वर्षअघि बनेको पृथ्वी राजमार्गअन्तर्गतको पोखरा-मुग्लिन सडक २०७८ साल वैशाखदेखि विस्तार तथा स्तरोन्नति सुरु गरिएको थियो। निर्माणमा कुनै अवरोध नआएमा आगामी हिउँदसम्ममा सडक स्तरोन्नतिको काम सकिने आयोजना कार्यालयले जनाएको छ। गण्डकी प्रदेशको लाइफलाइनका रुपमा रहेको उक्त सडकको पूर्वी खण्ड (जामुने-मुग्लिन)मा हालसम्म भौतिक प्रगति ८६ प्रतिशत र पश्चिम खण्ड (पोखरा-जामुने)मा ५५ दशमलव १० प्रतिशत पुगेको छ। कुल ४१ दशमलव ४५ किमी दूरीको पूर्वी खण्डमा कालोपत्रको काम सकिए पनि सडक मार्किङ, सौन्दर्यीकरणलगायत काम बाँकी रहेको जनाइएको छ।

पूर्वी खण्डमा तेस्रोपटक थपिएको म्याद गत असार २९ मा सकिएपछि पुनःम्याद थपको प्रक्रिया अगाडि बढाइएको आयोजना कार्यालयले जनाएको छ। कूल ३८ दशमलव ८८ किमी दूरीको पश्चिम खण्डमा हालसम्म ३६ दशमलव ५ किमी एकतर्फी (दुई लेन) सडकमा पहिलो तहको कालोपत्र भइसकेको प्रमुख कुँवरले बताए।

# मध्यान्हकर्मी पौडेल सम्मानित

**कतार/मस–** वैदेशिक रोजगारीका लागि कतारलाई दुई दशकदेखि कर्म थलो बनाउँदै पत्रकारितामा सक्रिय रहेका म्याग्दीका पत्रकार तिलु शर्मा पौडेल सम्मानित भएका छन्।



शुक्रवार सम्पन्न नवोदित साहित्यिक वाचनालय कतारको सत्रौं अधिवेशनका क्रममा आयोजित कार्यक्रममा पौडेल 'नवोदित पत्रकार सम्मान'मार्फत सम्मानित भएका हुन्।

अधिवेशनसँगै नवोदित साहित्यिक वाचनालय कतारले ११२ औं भानु जयन्ती, नवोदित कृति अवार्ड र कृति विमोचनसहित अनेसास नवोदितको १६० औं वाचन डबली कार्यक्रमको समेत आयोजना गरेको थियो।

वाचनालयका भूतपूर्व महासचिव तथा आजीवन सदस्यसमेत रहेका पौडेललाई संस्थाले आयोजना गरेका विविध गतिविधिलाई सञ्चारको माध्यमबाट अतुलनीय योगदानको पुऱ्याएको भन्दै दोसल्ला ओढाएर सम्मान गरिएको हो।

सम्मानपश्चात पौडेलले आफूलाई सम्मान गर्ने संस्थाका सम्पूर्ण कार्यसमिति पदाधिकारीप्रति आभार व्यक्त गर्दै यो सम्मानले पत्रकारितामा दरिलो भएर कलम चलाउन थप ऊर्जा र हौसला मिलेको बताए।

म्याग्दीको बेनीबाट प्रकाशित हुने स्थानीय अनलाइन मार्फत आफ्नो पत्रकारिताको सुरुवात गरेका पौडेल हाल काठमाडौंबाट प्रकाशित हुने मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा आवद्ध छन्।

पौडेल कतारमा सामुदायिक पत्रकारिता र मजदुरका समस्यामा सत्य तथ्य रूपमा अग्रपङ्क्तिमा रहेर कलम चलाउने पत्रकारको रूपमा चिनिन्छन्।

## विदेशबाट...

रहेका नेपाली नागरिकको मताधिकार सुरक्षित गर्न आगह गर्दै निर्वाचन आयोगलाई पत्र लेखेको हो। यस सम्बन्धमा सर्वोच्च अदालतले दिएको आदेश कार्यान्वयन गर्न ताकेता गरिएको निर्देशनालयका अधिकारीहरू बताउँछन्।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले फैसला कार्यान्वयन निर्देशनालयले वैदेशिक रोजगारमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार प्रदान गर्ने आदेश कार्यान्वयन गर्न आग्रह गर्दै ताकेता गरेको जानकारी दिए। उनकाअनुसार अब यस सम्बन्धमा निर्वाचन आयोगले गृह मन्त्रालयको ध्यानाकर्षण गराउने छ।

'विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुरक्षित गर्ने सम्बन्धमा फैसला कार्यान्वयन निर्देशनालयले ताकेता गरेको छ,' घिमिरे भन्छन्, 'तर आयोगले यस सम्बन्धमा कानुनको मस्यौदा बनाएर गृह मन्त्रालयमा पठाइसकेको छ। यसकारण अब आयोगले यस्तो ताकेता आयो भनेर गृह मन्त्रालयलाई नै अनुरोध गर्नेछ।'

१८ असार २०८० मा निर्वाचन आयोगले विदेशमा रहेका नेपालीलाई मताधिकार रहने गरी ऐन बनाउने भनेर राजनीतिक दलसम्बन्धी ऐन संशोधन विधेयकको मस्यौदा गृह मन्त्रालयमा पठाएको थियो। उक्त विधेयक अपेक्षितरूपमा अगाडि नबढेको भनेर कतिपयले प्रश्न गरिरहेका बेला फैसला कार्यान्वयन निर्देशनालयले पनि ताकेता गरेको हो।

तथापि, २०८४ सालमा हुने चुनावमा विदेशमा रहेका नेपालीले मताधिकार प्रयोग गर्न पाउने सम्भावना न्यून भएको छ। कानुन निर्माणको प्रक्रिया पूरा गर्न समय लाग्ने भएकाले ०८४ सालमा हुने चुनावमा विदेशमा रहेका नेपालीले मताधिकार प्रयोग गर्न पाउने सम्भावना न्यून भएको निर्वाचन आयोगकै अधिकारीहरू बताउँछन्।

गृह मन्त्रालयले विधेयक मन्त्रिपरिषद्मा लगेकै छैन। मन्त्रिपरिषद्ले स्वीकृति दिएपछि गृह मन्त्रालयले विधेयक संसद्मा लैजान पाउँछ। संसद्मा पुगेपछि सैद्धान्तिक छलफल हुन्छ, दफावार छलफल हुन्छ। दलहरूका धारणा आउँछन्, सरोकारवालाहरूका सुझाव आउँछन्। सबै सुझाव सुनेर दलहरूले विधेयकमा धारणा बनाउँछन् र सांसदहरूमार्फत पास गराउँछन्। यो प्रक्रिया प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवैमा चल्छ। राजनीतिक दलहरू तयार भएको अवस्थामा फास्ट ट्र्याकबाट समेत कानुन बन्न सक्दछ।

## अप्ठ्यारोमा...

भने घेरेको छ। विगत ६ महिनाअघि पुरानै दल नेकपा माओवादी केन्द्रको राजनीतिक विरासतमा फर्किएका पूर्वउपराष्ट्रपति नन्दकिशोर पुन 'पासाङ'लाई माओवादीले जसरी सहजै अवतरण गरायो, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीका हकमा त्यसको ठिक विपरीत भएको छ। एमालेकी पूर्वउपाध्यक्षसमेत रहेकी भण्डारीको सक्रिय राजनीतिक यात्रालाई अवरोध गर्न पार्टी शीर्ष नेतृत्वबाटै छेक्ने प्रयास भइरहेको छ।

प्रधानमन्त्रीसमेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रपतिजस्तो गरिमामय पदमा पुगिसकेको व्यक्तिले राजनीतिमा प्रवेश गर्ने भन्ने विषय गम्भीर भएको टिप्पणी गरेका छन्। उनले पार्टीको पोलिटब्युरो बैठकमा भनेका छन् 'राष्ट्रपतिजस्तो गरिमामय पदमा पुगिसकेको व्यक्ति, सेनाको परमाधिपति भइसकेको, देशको सर्वोच्च पदमा पुगेको, देशको गणतन्त्रको गौरवको रूपमा रहेको व्यक्ति राजनीतिमा प्रवेश गर्ने गम्भीर विषय हो। यसलाई पार्टीले उचित समयमा निष्कर्ष निकालेर निर्णय लिन्छ।'

मुलुकको सर्वोच्च पदमा पुगिसकेका व्यक्तिहरूमा फेरि राजनीतिक मोहले उक्त पदको गरिमामाथि समेत प्रश्न उठेको छ। पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष डा. बाबुराम भट्टराईले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी नेकपा एमालेमा फर्किनु ठिक नहुने बताए। उनले पूर्वराष्ट्रपति भण्डारी र पूर्वउपराष्ट्रपति पुन आफ्ना मातृ पार्टीमा पुनः आबद्ध र क्रियाशील हुनु संघीय लोकतान्त्रिक गणतन्त्रको स्वास्थ्य, मर्यादा र दिगोपनका लागि नै गम्भीर विषय भएको टिप्पणी गरेका छन्।

शनिबार एक वक्तव्य जारी गर्दै डा. भट्टराईले भनेका छन्- 'उहाँहरूमा पुरानै शैलीको एकल दलीय-राज्यको धङ्धडी कायम रहेको हो भने त्यो सही र उपयुक्त हुन्न। झन् 'जबज'को रक्षाका निम्ति पुरानो पार्टीमा फर्कन लागेको भन्ने पूर्वराष्ट्रपतिको मिडियामा आएको भनाइ सत्य हो भने त त्यो आफैंमा 'जबज'को स्पिरिटविरोधी कुरा हुन्छ।'

पूर्वराष्ट्रपतिको पार्टीमा फर्कने निर्णयले एमाले र समग्र कम्युनिष्ट आन्दोलनको अग्रगामी रूपान्तरणमा अन्योल र संशय बढाउने उनको दाबी छ। 'त्यस्तै पूर्वउपराष्ट्रपतिको कदमले माओवादीको रूपान्तरणमा योगदान होइन, नोक्सान गर्न सक्छ', भट्टराईले भनेका छन्।

प्रधानमन्त्री तथा एमाले अध्यक्ष ओलीले भण्डारीलाई आगामी पार्टी राजनीतिमा सहजरूपमा आउन दिने संकेत देखिएको छैन। उनले भण्डारीको पार्टी सदस्यता नै नवीकरण नभएकाले यस विषयमा पार्टीले चाँडै निर्णय लिने बताएका छन्। तर पार्टीको तथ्यांकअनुसार भण्डारीको सदस्यता १ वर्षअघि नै नवीकरण भइसकेको देखिन्छ। अध्यक्ष ओलीसहित महासचिव शंकर पोखरेललगायतका नेताहरूलाई पार्टी राजनीतिमा भण्डारीलाई सहजै स्वीकार गरे आगामी नेतृत्वमा ओलीलाई रोक्ने त्रासले पिरोलेको छ।

पोलिटब्युरो सदस्य महेश बस्नेतले पार्टीको नेतृत्व फेरि पनि ओलीले नै लिनुपर्ने बताए। भण्डारीको सदस्यता नवीकरणको विषय केन्द्रीय कमिटीबाटै निर्णय हुनुपर्ने भन्दै उनले भने, 'हाल अध्यक्षको विकल्प तयार नभएकाले आउँदो कार्यकाल पनि केपी ओलीकै नेतृत्वमा नेकपा एमाले अघि बढ्नुपर्छ।' भण्डारीलाई विकल्पका रूपमा उचाल्ने प्रयास भएको भन्दै बस्नेतले असन्तुष्टि जनाएका छन्।

पार्टीका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले पनि पूर्वराष्ट्रपति भण्डारीको सक्रियतालाई बैठकमा सकारात्मकरूपमा नलिएको प्रष्ट पारेका छन्। उनको सदस्यता नवीकरण भन्दा पनि नयाँ सदस्यताको प्रक्रियाबाट आउनुपर्ने विधानले नै ध्यानाकर्षण गराएको जिकिर गरेका छन्।

तर स्थायी कमिटी सदस्य कर्णबहादुर थापाले भने पार्टीमा निर्विकल्प भन्ने नहुने बताए। उनले पार्टी अध्यक्ष ओलीसहित केही नेताहरूको पार्टी कब्जा गर्ने नीतिप्रति फरक मत राखेका छन्। 'पार्टी नेतृत्वमा निर्विकल्प भन्ने हुँदैन', उनले भने 'पार्टीमा विधि र विधानअनुसार विकल्पहरू हुन्छन्। तर कुनै व्यक्तिलाई रोक्ने नाममा विधि विधान मिच्ने काम कोहीबाट हुनुहुँदैन।'

तर भण्डारी राष्ट्रपति बन्दा उनीसँगै उपराष्ट्रपति बनेका पासाङका हकमा माओवादीले स्वागत गरेको छ। माओवादीको जनमुक्ति सेनाका पूर्वकमाण्डरसमेत रहेका पूर्वउपराष्ट्रपति पुनलाई पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को योजनाअनुसार नै पार्टी राजनीतिमा फर्काइएको माओवादी नेताहरूले बताएका छन्। उनलाई गत माघमै पार्टी केन्द्रीय समितिबाट निर्णय गरेर उत्पादन क्षेत्र हेर्ने संयन्त्रको जिम्मेवारी दिइएको माओवादी केन्द्रका सचिव राम कार्कीले जानकारी दिए।

राज्यको सर्वोच्च पदमा आसिन व्यक्तिहरू राजनीतिमा फर्कनु सामान्यतया नमिल्दोजस्तो देखिएपनि पार्टीले स्वीकार गरेर ल्याइसकेपछि फरक मत राख्नुपर्ने विषय नरहेको उनको भनाइ छ। 'पूर्वविशिष्टहरू राजनीतिमा फर्कनु ठिक कि बेठिक भन्ने बहस चलिरहेपनि पार्टीले निर्णय गरेर जिम्मेवारी नै दिइसकेपछि त्यो बहसको अर्थ रहँदैन,' कार्कीले मध्यान्हसँग भने।

पूर्वराष्ट्रपति भण्डारी पूर्वउपराष्ट्रपति पुनभन्दा अघि नै राजनीतिक सक्रियताका लागि तयार भएकी थिइन्। यद्यपि पार्टीका देशभरका नेता कार्यकर्ताहरूसँगको भेटघाट र सल्लाहअनुसार निर्णय लिँदा पछि परेको भण्डारी निकटका नेताहरूले बताएका छन्।

'माओवादीमा चाहिँ सक्रिय राजनीति गर्न पाउने र एमालेमा नपाउने भन्ने हुँदैन', एमालेका एक नेताले मध्यान्हसँग भने, 'यो समय सवाल-जवाफ गर्ने होइन। राष्ट्रपति या उपराष्ट्रपति भएका मानिस फेरि राजनीतिमा सक्रिय हुन सक्छन् र पार्टीको कमाण्डसमेत हाँक्न पाउँछन् भन्ने मान्यतालाई स्थापित गर्न सकिन्छ।'

संविधानतः राष्ट्रपति र उपराष्ट्रपति भएका मानिसले राजनीति गर्न पाइँदैन भन्ने बाध्यात्मक अवस्था नरहे पनि यो नैतिक मूल्य र मान्यतामा आधारित प्रश्न हुने कतिपयको टिप्पणी छ। अधिवक्ता कृतिनाथ शर्मा पौडेलले भने, 'संविधानतः राष्ट्रपति र उपराष्ट्रपति भएका मानिसले राजनीति गर्न पाइँदैन भन्ने बाध्यात्मक अवस्था छैन। तर मुलुककै सबैभन्दा उच्च पदमा बसिसकेका मानिसहरूमा नैतिक मूल्य मान्यताको प्रश्न उठ्नु स्वभाविक छ।'

यही नजीरका आधारमा अन्य पूर्वपदाधिकारीले पनि राजनीतिमा सक्रिय हुने र लाभ लिन सक्ने बाटो अपनाउनसक्ने मार्गप्रशस्त हुने उनको तर्क छ। नेपाली कांग्रेसबाट पहिलो राष्ट्रपति निर्वाचित डा. रामवरण यादव र उपेन्द्र यादवको तत्कालीन मधेशी जनाधिकार फोरमबाट उपराष्ट्रपति बनेका परमानन्द झा पनि राजनीतिमा प्रवेश गर्न सक्ने आधार भएपनि उनीहरूमा नैतिक मूल्य मान्यता देखिएको विश्लेषकहरू बताउँछन्।

## भण्डारीको...

पेन्डिङ अवस्थामा छ। धारा ८ र ९ आकर्षित भयो भनेपछि त्यो जहाँ छ, स्थगन अवस्थामा छ भन्ने बुझिन्छ।'

भण्डारीले राष्ट्रपति हुनलाई पार्टी सदस्यता त्यागेकाले नवीकरणबारे आवश्यक निर्णय गर्नुपर्ने बैठकले निष्कर्ष निकालेको गैतमले बताए। 'विभिन्न कोणबाट छलफल भएको छ। निष्कर्षमा पुगेको छैन। स्वेच्छाले राजीनामा गरेको व्यक्तिले पार्टीमा पुनः आउने कुरा वा पार्टीले खटाएको व्यक्ति पुनः आउने भन्ने विषयमा गम्भीरतापूर्वक छलफल भइरहेको छ।'

## प्रचण्ड...

उनको दाबी छ। यद्यपि उनले भनेजस्तो सजिलो परिस्थिति नरहेको विश्लेषकहरू बताउँछन्। ३ नेताको भेटलाई लिएर राजनीति वृत्तमा नयाँ तरंग उत्पन्न भएपनि नेपाली कांग्रेसका नेताहरू अहिले त्यस्तो सम्भावना नरहेको बताउँछन्।

## सेवा...

ब्याजदरमा बिनाधितो ऋण उपलब्ध गराउने गरी अघिल्लो हप्ता सार्वजनिक भएको आर्थिक वर्ष २०८२/०८३ को मौद्रिक नीतिमा व्यवस्था भइसकेको छ।

विभागले भनेको छ, 'यो पृष्ठभूमिमा त्यस्तो सहुलियतपूर्ण ऋणको ब्याजदर तोक्ने, ऋणको प्राप्ति र भुक्तानीको बैंकिङ विधि र पद्धति तोकेर ऋण प्राप्त र ऋण भुक्तानीको सर्वमान्य पद्धति इएमआई पेमेन्ट वा धितो चुक्ता प्रणालीको विकास गर्न आवश्यक देखिएको छ।

मौद्रिक नीतिमा धितो लिइ वा नलिइ वैदेशिक रोजगारमा जाने पुरुषलाई ३ लाख र महिलालाई ५ लाख रुपैयाँसम्मको कर्जा प्रवाह गर्न सक्ने र त्यस्तो कर्जालाई विपन्न वर्गको कर्जामा गणना गर्न सकिने व्यवस्था गरिने बताएको छ।

यता श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बिनाधितो ऋणसम्बन्धी कार्यविधि २०८२ अन्तिम चरणमा पुगेको बताएको छ। मन्त्रालयले खाडी मुलुक जानेलाई २ लाख र युरोप जानेलाई ५ लाख रुपैयाँ ऋण दिनुपर्ने विषयमा वाणिज्य बैंकलगायत अन्य सरोकारवालाहरूसँग छलफल गरेको छ।

श्रममन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारमा जाने विपन्न श्रमिकहरूले सहज र सरल तरिकाबाट ऋण पाएको अवस्थामा मिटरब्याजीको पासोबाट बचाउन सकिने बताएका छन्। यसबाट श्रमिकहरू विदेश गएर कमाएर पछि फर्किंदासम्म ऋणबाट मुक्त हुने र राज्यले प्रदान गर्दै आएको सामाजिक सुरक्षा, बीमाजस्ता अन्य सुविधाहरू पनि पाउने भएकाले समाजको विपन्नता कम हुँदै जाने बताएका छन्।

श्रम मन्त्रालय, विभाग र राष्ट्र बैंकको मौद्रिक नीतिले वैदेशिक रोजगारमा जाने कामदारको लागतमा सैद्धान्तिक सहमति जनाएको भन्दै वैदेशिक रोजगार व्यवसायीसहित सरोकारवालाहरूले वैदेशिक रोजगार क्षेत्रमा एक दशकदेखि अल्झिएको सेवा शुल्कको विषयमा सरकार अनिर्णयको अवस्थामा रहन नहुने बताउने गरेका छन्।

## गणतान्त्रिक...

मञ्चका इन्चार्ज रामेश्वर राय यादवको प्रमुख आतिथ्यतामा शुक्रबार भएको कार्यक्रममा सम्मान र सदस्यता प्रदान गरिएको हो।

माओवादी केन्द्र निकट उपत्यका विशेष प्रदेश कमिटी सदस्यसमेत रहेका अधिकारी सञ्चालक रहेको इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.ले गत आर्थिक वर्ष २ हजार ६६९ जना कामदार पठाएर गत वर्ष धेरै कामदार पठाउने म्यानपावर सूचीको १५औं नम्बरमा रहेको छ। उक्त कम्पनीले अघिल्लो आर्थिक वर्षमा २ हजार ७६९ जना कामदार पठाएको थियो।

मञ्चले नयाँ सदस्यता लिएका स्मार्ट ओभरसिज प्रा.लि. बालाजुका सञ्चाक तम्बुलाल तामाङ, द हिमालयन एचआर प्रा.लि. सिनामंगलका सञ्चालक प्रदीपकुमार श्रेष्ठ, टाइगर म्यानेजमेन्ट सिस्टम प्रा.लि. सामाखुसीका सञ्चालक शक्ति श्रेष्ठ, माकी ओभरसिज प्रा.लि. सामाखुसीका सञ्चालक भेषराज कुँवर, एलायन्स फर ह्युमन रिसोर्सेस कन्सलटेन्सी प्रा.लि. स्वयम्भूका सञ्चालकद्वय सुमन तामाङ र राजन ढुंगाना, प्रिन्स नेपाल एचआर प्रा.लि. स्वयम्भूका सञ्चालकद्वय श्याम ठाकुर, शेख अनवर र माहा इन्टरनेशनल एचआर सलुसन प्रा.लि. सिनामंगलका सञ्चालकद्वय सुरेश केसी र बसन्त बुढाथोकीलाई सम्मान गरेको छ। त्यस अवसरमा मञ्चका संस्थापक अध्यक्ष, वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष दिलप्रसाद पोखरेल, मञ्चका अध्यक्ष धनलाल जैसी, मञ्चका महासचिव तथा संघका सचिव कुन्छादोर्जे दिमदोङलगायतले कार्यक्रमलाई सम्बोधन गरेका थिए।

संघका सचिव दिमदोङले संघको नवनिर्वाचित नेतृत्व पंक्ति निर्वाचनको क्रममा व्यक्त साझा प्रतिबद्धतामा इमानदार नरहेको अवस्थामा मञ्च तथा व्यवसायीले खबरदारी गर्नुपर्ने धारणा राखेका थिए। संघ कार्यसमितिमा अध्यक्षले गरेको ४ जनाको मनोनयनमा मञ्चले असन्तुष्टि व्यक्त गरेको थियो।

# नेसपा (नयाँ शक्ति)ले ५ महिने प्रशंसा अभियान चलाउने




**काठमाडौं/मस**–नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) ले ५ महिने प्रशंसा अभियान चलाउने भएको छ। शनिबार पार्टी केन्द्रीय कार्यालयमा बोल्दै पार्टीका महासचिव सोनाम सिंह स्याङतानले यस्तो बताएका हुन्। उनले यसअघि पनि पार्टीले ३ महिने प्रशंसा अभियान सञ्चालन गरेको र अभियान प्रभावकारी भएको दाबी गरे। उनले प्रशंसा अभियान २ भनेर अब पाँच महिने अभियान सञ्चालन हुने जानकारी दिए। प्रशंसा अभियान प्रशिक्षण, संगठन र सामाजिक परिचालनका रुपमा रहेको बताए।

उनले भने, 'हामीले प्रशंसा अभियान २ भनेर ५ महिने अभियान सञ्चालन गर्ने निर्णय गरेका छौं। प्रशिक्षण, संगठन र सामाजिक परिचालन भनेको प्रशंसा अभियान हो। जनताको मुद्दाहरु हो यो भनेको शासनमा देखिएको समस्या, भ्रष्टाचारविरुद्धको अभियान हो। तीन महिने पहिलो चरणको अभियान सकिसकेको छ। अहिले हामी दोस्रो चरणको अभियानमा लागेका छौं। ०८४ को निर्वाचन आउन करिब डेढ वर्ष बाँकी छ। पार्टीको आन्तरिक संगठन, मुद्दा कसरी लैजाने भन्ने समेटेर हामी अघि बढिरहेका छौं। पार्टीको आन्तरिक शक्ति सुदृढिकरण गर्ने काममा हामी लागेका छौं।'

उनकाअनुसार पार्टीले ०८४ को निर्वाचनलाई लक्षित गरेर पार्टीको आन्तरिक संगठन सुदृढिकरण, विस्तार गरिरहेको छ।

# रास्वपा प्रदेश सभा खारेजीको पक्षमा : मनिष झा



**काठमाडौं/मस**–राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले रास्वपा प्रदेश सभा खारेज गर्ने पक्षमा रहेको बताएका छन्। शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्।

उनले प्रदेश रहने तर प्रदेश सभा खारेज गर्ने रास्वपाको नीति रहेको बताए। प्रदेश सभामा पुग्ने प्रदेशको स्थानीय तह बनाउने गरी आफूहरु अघि बढिरहेको बताए। पालिकाहरुको प्रतिनिधि पुगेर प्रदेश सभा गर्ने व्यवस्था गर्ने र त्यसपछि नै एक अर्काले प्रदेश, स्थानीय तहलाई बुझ्ने बताए। रास्वपाले संघमा २१ वटा मन्त्रालयबाट १५ मा झार्ने योजनाअनुसार आफ्नो नीति अघि बढाइरहेको बताए। विभिन्न कालखण्डमा बनाइएका आयोगहरु खारेज गर्ने पक्षमा रास्वपा रहेको उल्लेख गरे।

सांसद झाले भने, 'हामी २१ वटा मन्त्रालयबाट १५ मा झार्न चाहन्छौं। प्रदेश रहन्छ, प्रदेश सभा खारेज गर्न चाहन्छौं। त्यो प्रदेशको सभामा पुग्ने त्यही प्रदेशको स्थानीय तह। पालिकाहरुको प्रतिनिधि पुगेर सभा गर्दछ। त्यसपछि प्रदेश र स्थानीयको तादम्यता एक अर्काको कोर्डिनेशन झनै प्रभावकारी हुन्छ। अहिले त एक अर्काले चिन्ने, बुझ्नै चाहँदैन। यसरी हामीले हाम्रो योजना र नीतिहरुको व्याख्या गर्न सक्नुपर्छ। हामी कहाँ खर्च कटौति गर्दछौं, लगभग ११२ वटा आयोग, नियोगहरु छ। त्यो विभिन्न कालखण्डमा बनाइएको थियो, अहिले पनि त्यसको गाडी चल्ने, पदाधिकारी, कर्मचारी, अफिस खर्च छ। तर त्यसको काम छैन। ११२ वटा बन्द गरिदिने बित्तिकै हाम्रो वार्षिक दुई चार अर्ब बचिहाल्छ।'

सांसद झाले नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरुको आफ्नो योजना, सिद्धान्त, रणनीति केही नरहेको र रास्वपाका नेताहरुको जवाफ दिएर बस्ने काम गरिरहेको बताए। सत्तापक्षले संसदमा प्रतिपक्षको खण्डन नगर्ने भन्दै अब सत्तापक्षलाई संसदीय अभ्यास रास्वपाले सिकाउने बताए।

# ट्र्याक खुलेको ३३ वर्षपछि सडक कालोपत्र



**गोरखा/मस**–गोरखा नगरपालिकास्थित मझुवा-बैटारी-हटिया सडकखण्डमा ट्र्याक खुलेको ३३ वर्षपछि कालोपत्रको काम सुरू भएको छ।

उक्त नगरपालिका-१३ देउराली र पालुङटार नगरपालिका-८, रातमाटे जोड्ने सडकखण्डमध्ये जैकोटदेखि घोरथुम्कासम्म सडक कालोपत्र सम्पन्न छ। गोरखा-१३ की वडाध्यक्ष मित्रा परियारले साना सहरी विकास कार्यालय कास्कीबाट विनियोजित बजेटमार्फत यहाँ चार सय मिटर सडक कालोपत्रको काम करिब सम्पन्न भएको बताए। उनले भने, 'वडा नं १३ मा पहिलो पटक वडाभित्र सडक कालोपत्र देख्न पाइएको छ। विसं २०४९ मा ट्र्याक खुलेको यस सडकको स्तरोन्नति भएको देख्न ३३ वर्ष कुर्नुपर्‍यो।'

ठेकेदार कम्पनी चिराग कन्ट्रक्सनका सञ्चालक लक्ष्मण श्रेष्ठले चार सय मिटर सडक कालोपत्र, ७५ मिटर ढलान र पाँच सय मिटर नाला निर्माणको काम सम्पन्न भएको बताए।

उक्त सडक खण्ड निर्माणका लागि ठेकेदार कम्पनीले रु ६६ लाख ३५ हजार नौ सय ३९ मा ठेक्का सम्झौता गरेको थियो। पृथ्वी राजमार्गअन्तर्गत पर्ने गोरखा-आँबुखैरनी सडकखण्डसँग जोडिए पनि लामो समयसम्म स्तरोन्नति नहुँदा त्यस क्षेत्रका बासिन्दले आवातजातवमा कठिनाइ भाग्दै आएका छन्।

यो सडकखण्ड मझुवा चौकी, दराई गाउँ, जैकोट, सातदोबाटे, बैटारी हुँदै पालुङटार नगरपालिकासँग जोड्ने प्रमुख सडक हो।

स्थानीयवासी विक्रम मल्लले कालोपत्रको काम अघि बढेसँगै सडकले विस्तारै मुहार फेर्दै गएको र यसले स्थानीय उत्साहित भएका बताए।

'अब गाउँमा उत्पादित कृषि उत्पादनलाई बजारसम्म पुऱ्याउन पनि सहज हुनेछ। गाउँमा दैनिक उपभोग्य ल्याउन पनि राहत मिल्नेछ। यो हाम्रो वर्षौंदेखिको सपना हो, जो पूा हुँदैछ', उनले भने। सोही सडकखण्डअन्तर्गत मझुवाचौकीदेखि दराई गाउँसम्म एक करोड बजेटबाट काम भइरहेको छ भने दराई गाउँदेखि जैकोटसम्म पनि चार करोड बजेट विनियोजन भएर काम अघि बढिरहेको नगरपालिकाले जनाएको छ।

# बस दुर्घटनामा २३ जना घाइते



**काठमाडौं/मस**–काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका-८, पौवास्थित भित्री सडकखण्डमा शनिबार बस दुर्घटना हुँदा २३ जना घाइते भएका छन्। रामेछापको डोरखानीबाट काठमाडौं आउँदै गरेको बा ३ ख ८४०८ नम्बरको बस दुर्घटना हुँदा भएको हो।

बसमा जम्मा ३२ जना यात्रु सवार रहेको प्रहरीले जनाएको छ। घाइते भएका सबै २३ जनालाई धुलिखेल अस्पतालमा उपचारका लागि पठाइएको काभ्रे प्रहरीले जानकारी दिएको छ। प्रारम्भिक जानकारीअनुसार घाइतेमध्ये केहीको अवस्था मध्यम रहेको छ भने ज्यानको जोखिम भने नभएको बताइएको छ। दुर्घटनापछि बस र चालकलाई दोलालघाट प्रहरी चौकीले नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# मध्यान्हकर्मी बोहरालाई पितृशोक



**काठमाडौं/मस**–मध्यान्हकर्मी एवं नेपाल पत्रकार महासंघ बैतडी शाखाका उपाध्यक्ष ललित बोहरालाई पितृशोक परेको छ।

उनको बुबा बैतडी पाटन नगरपालिका-१ डंसिली निवासी देवसिंह बोहराको गत असार ३२ गते ६८ वर्षको उमेरमा निधन भएको हो। बोहराको निधनमा नेपाल पत्रकार महासंघ डडेल्धुरा शाखासहित विभिन्न सञ्चारमाध्यम र संघसंस्थाले दिवंगतप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारमा गहिरो समवेदना व्यक्त गरेका छन्। स्व. बोहराका एक श्रीमती, तीन छोरी र दुई छोरा छन्।

# हल्दीबारीका चिया बगानमा 'लुपर'को प्रकोप



**झापा/मस**–हल्दीबारी गाउँपालिकाको चिया बगानहरुमा 'लुपर' नामक कीराको प्रकोप फैलिएको छ। हरियो पत्ती उत्पादन हुने मुख्य समयमा प्रकोप फैलिएका कारण चिया किसानहरुले यसबाट ठूलो क्षति व्यहोर्नुपरेको छ।

झापाको मध्यभागमा रहेको हल्दिबारी गाउँपालिकाको पाँच वटा वडाको लगभग एक हजार पाँच सय बिघा क्षेत्रफलमा फैलिएको चिया बगानमा 'लुपर' कीराको प्रकोप फैलिएको पालिकाका कृषि शाखाका प्रमुख छविलाल गुरुङले बताए।'किसानहरुले किरा फैलिएको जानकारी गराउनासाथ बगानको अनुगमन गरेका छौं' उनले भने, 'बगानमा क्षति पुगेको पाइएको छ।'

चिया किसान गोपाल गिरीले चियाको हरियो पत्ती टिप्ने मुख्य समयमा हल्दिबारीका ठूला र साना सबै चिया बगानमा 'लुपर' कीराले महामारीको रुप लिएको बताए। उनले झापाको हल्दिबारीमा मात्र यो रोगको प्रकोप देखापरेको बताए। यसअघि चियाको बोटमा 'रेड स्पाइडर' नामक कीराको प्रकोप देखापर्ने गरेको थियो। 'लुपर' का कारण हल्दिबारीका चिया बगान पहेलिएर सुक्न थालेको उनको भनाइ छ।

'लुपर' एक प्रकारको झुसिल कीरा वा फौजी कीरा जस्तै पात र मुना खाने कीरा हो। यसलाई 'लुपर क्याटरपिलर' वा 'टि लुपर' भनेर चिनिन्छ। यसको माउ पुतली हुन्छ। पातमा पारेका असङ्ख्य अण्डाबाट लार्भा निस्किएर चियाको पात खाने गर्दछ। किसान नवीन मैनालीले वैशाखदेखि सुरु भएको 'लुपर' को प्रकोप साउन लागि सक्दा नियन्त्रण नभएको बताए।

# मुक्त कमैयाको २५ वर्ष, तर भएन प्रतिबद्धता कार्यान्वयन



**कञ्चनपुर/मस**–मुक्तिको घोषणाको पच्चिस वर्ष बितिसक्दा पनि सरकारले गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न नसक्दा कञ्चनपुरका मुक्त कमैया परिवार अझै पनि बाँच्नकै लागि संघर्षरत छन्। अढाई दशकअघि गरिएको घोषणाअनुसार सुरक्षित आवास, निःशुल्क शिक्षा, स्वास्थ्य सेवा र रोजगारीको सुनिश्चितता प्राप्त नहुँदा मुक्त कमैयाको सपना अधुरै रहेको छ।

विसं २०५७ साल साउन २ गते तत्कालीन सरकारले कमैया प्रथा अन्त्य गर्दै 'मुक्त' घोषणा गरे पनि त्यो घोषणा धेरैका लागि जीवनको वास्तविक परिवर्तन बन्न सकेको छैन। आश्वासनको श्रृंखला मात्रै बन्दै गएको मुक्तकमैया अगुवा बताउँछन्।

मुक्त कमैया समाजका केन्द्रीय उपाध्यक्ष जगरनाथ चौधरीका अनुसार सरकारको प्रतिबद्धता आंशिक मात्र कार्यान्वयनमा आएको छ।

'सरकारले सौकी ऋण मिनाहा गरेको र केहीलाई जग्गा उपलब्ध गराएको हो, तर त्यो पनि प्रयाप्त छैन,' चौधरी भन्छन्, 'पुनःस्थापनाका लागि दिएको जग्गा नदी कटान, वन्यजन्तुको आतंक र बजारबाट टाढा भएकाले जीविकोपार्जनमा कठिनाइ छ।'

कतिपय परिवार नदी कटानले फेरि पनि भूमिहीन भएका छन् भने कतिपय वन क्षेत्रनजिक पुनःस्थापन भएपछि वन्यजन्तुको डरमा बस्न विवश भएको उनी बताउँछन्।

'सरकारले दिएको जग्गामा पूर्णस्वामित्वको अधिकार छैन,' उनले भने, 'जग्गाधनी प्रमाणपत्रको श्रेस्ता कायम नहुँदा बैंकमा धितो राखेर कर्जा लिन सकिँदैन, पतिको नाममा भएको जग्गा पत्नीको नाममा सार्न सकिए पनि छोराको नाममा सार्न पाइँदैन, सरकारले यो अवरोध हटाउनुपर्छ।'

२५औँ मुक्ति दिवसका अवसरमा शनिबार सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले छुटेका मुक्त कमैयाको पुनःस्थापनासँगै आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने, नयाँ लगत संकलन गरेर पुनःस्थापनाका प्रक्रिया अघि बढाउने घोषणालाई चौधरीले सकारात्मक रुपमा लिएको बताए।

'मुख्य मन्त्रीले कार्यविधि बनाएर यी कुरा पुरा गरेरै छाडने प्रतिवद्धता गर्नु भएको छ यसलाई सकारात्मक रूपमा लिन्छौँ' उनले भने, 'प्रतिवद्धता अनुसार व्यवहारमा कार्य गरेर देखाउनु पर्छ, अश्वासन धेरै पाइसकेका छौँ, प्रतिवद्धता कार्यान्वयनमा चासो छ।'

मुक्त कमैया अगुवा रामप्रसाद रानाका अनुसार विसं २०५८ सालमा बनेको श्रम ऐन र त्यसको नियमावली अझै कार्यान्वयनमा आएको छैन।

'कतिपयले लालपुर्जा पाएका छन्, तर स्थानीय अवरोधका कारण जग्गा चिन्न र चलन-भोग गर्न सकेका छैनन्,' उनी भन्छन्।

बाणि शिविरका अगुवा छंगा रानाले भने, 'मुक्त कमैयामा परम्परागत सीप छन्, तर त्यसलाई आधुनिक तालिम र व्यावसायिक प्रयोगमा ल्याउने कुनै नीति देखिँदैन, सीपमा आधारित लघु उद्योग स्थापना गरिए रोजगार र आत्मनिर्भरता दुवै सम्भव छ।'

बेदकोट नगरपालिका-६ ओझाखालीका लप्टन चौधरीले भने, 'पहिलाको भन्दा अहिले केही सुधार देखिएको छ, डकर्मी, सिकर्मी र चालकजस्ता पेसाबाट केहीले आम्दानी गर्न थालेका छन्, तर उच्च शिक्षाको पहुँच अझै छैन।'

उनका अनुसार बस्तीका १२ जना बालबालिकाले १२ कक्षा उत्तीर्ण गरेका भए पनि स्नातक तहसम्मको पढाइ आर्थिक कारणले सम्भव भएको छैन।

कञ्चनपुरमा विसं २०५७ र २०५९ सालको लगतमा क्रमशः तीन हजार ४५ र एक हजार ४६१ गरी कुल चार हजार ५०० छ मुक्त कमैयाले परिचयपत्र पाएका छन्। सरकारले विसं २०६६ सालमा पुनःस्थापनाको कार्य सम्पन्न भएको घोषणा गरे पनि आजसम्म १२९ जना अझै पुनःस्थापनाविहीन छन्।

# ६४ हजारले लिए काठमाडौं महानगरको निःशुल्क कानुनी सेवा



**काठमाडौं/मस**–काठमाडौं महानगरपालिकाबाट निःशुल्क कानुनी परामर्श सेवा लिनेको संख्या ६४ हजार पुगेको छ।

वि.सं. २०७९ माघ १७ गते नेपाल ल क्याम्पससँग सहकार्य सम्झौता गरी कामपाले सुरु गरेको उक्त सेवा लिनेको संख्या हालसम्म ६४ हजार पुगेको कामपाको उपप्रमुख सुनिता डंगोलले जानकारी दिइन्।

उपप्रमुख डंगोलका अनुसार उक्त सेवा प्रदान गर्नुअघि कानुनी सेवा लिने अत्यन्तै कमी थिए। कानुनी प्रक्रियामा जानकै लागि झन्झटिलो खर्च लाग्ने भएपछि नागरिकहरू सेवा दिनबाट वञ्चित हुनुपरेको थियो। अहिले निःशुल्क प्रदान गरिने सेवा लिन वडा कार्यालयमा भीड हुने गरेको छ।

उनले भनिन्, 'लिखतको ढाँचा, त्यसमा प्रयोग हुने शब्द, भाषा, वाक्य र ब्यहोरा शिष्ट, सभ्य, मर्यादित र कानुनमा तोकेबमोजिम बनाउनुपर्ने सहजकर्ताको मुख्य काम हो। कानुनी लिखतहरूको मस्यौदा गर्दा सेवाग्राहीसँग रहेको कागज प्रमाण, उनले व्यक्त गरेको तथ्यगत व्यहोरा र सबुदको मूल्यांकन गर्ने, प्रचलित संघीय, प्रदेश र कामपाबाट जारी गरिएका कानुनी प्रबन्धहरूसँग पछिसम्म फरक नपर्ने कुराको यकिन गर्नु अर्को काम हो।'

सेवा उपलब्ध गराउनका आएका विद्यार्थीलाई १६ बुँदे कार्य विवरणपत्र दिइएको छ। सोही विवरणको आधारमा सेवा प्रदान गरिएको छ। त्यसका लागि क्याम्पसबाट आएका स्नातक र स्नातकोत्तर तहका ५० जना विद्यार्थी छनोट भएका छन्। तीमध्ये हरेक वडामा एक जनाका दरले ३२ जना र केन्द्रमा तीन जना विद्यार्थी परिचालन गरिएको छ।

सेवा प्रदान गर्न हरेक वडामा निःशुल्क कानुनी परामर्श सेवा कक्ष स्थापना छ। कक्ष सञ्चालनमा आवश्यक टेबल कुर्सी, सेवाग्राही बस्ने ठाउँ, आवश्यक शैक्षिक सामग्री वडाले व्यवस्था गरेको छ। सेवाग्राहीको तर्फबाट पेस गर्नुपर्ने निवेदन, उजुरी, फिरादपत्र, प्रतिउत्तर पत्र, लिखित जवाफ, मिलापत्रको मस्यौदा गर्ने, कानुनी व्यवस्थाको मौखिक वा लिखित जानकारी दिनु कानुनी सहजकर्ताको मुख्य काम हो।

त्यसैगरी वडा तहमा सञ्चालन हुने मेलमिलाप केन्द्र र वडा महिला सञ्चालनमा आवश्यक सहयोग गर्ने, जनप्रतिनिधि वा वडा सचिवले तोकेका अन्य कार्यक्रममा सहभागिता जनाउने सहयोग गर्ने विद्यार्थीका मुख्य काम रहेको छ।



मध्यान्ह
www.madhyanhadaily.com
४ साउन २०८२ आइतबार
20 July 2025, Sunday

## सम्पादकीय

# नागरिकलाई आवासविहीन नबनाऊ

नेपाली नागरिकलाई बसोबास गरिरहेको ठाउँबाट जबरजस्ती हटाउने काम राज्यकै निकायहरूबाट भइराखेको अध्ययनले देखाएको छ । एम्नेस्टी इन्टरनेसनलले हालै कैलाली, सिरहा, सुनसरी र झापामा गरेको स्थलगत अनुसन्धानमा उल्लेख भएअनुसार वर्षौं बसोबास गर्दै आएकाहरू पनि थाकथलोबाट जबरजस्ती हटाइएका छन् । 'कहीँ जाने ठाउँ छैनः नेपालमा जबरजस्ती निष्कासन' नामक अनुसन्धान प्रतिवेदनमा '...राज्यका विभिन्न निकायहरूद्वारा नागरिकहरू आवासविहीन हुने गरी जबरजस्ती निष्कासन गर्ने अभ्यास जारी रहेको देखिन्छ' भन्ने उल्लेख छ । प्रतिवेदनमा बाँकी अंश खुल्दै जालान्, तर वर्षौंदेखि बसोबास गर्दै आएकालाई लालपुर्जा छ वा छैन भनेर जबरजस्ती हटाउने काम उचित होइन ।

राज्य हरेक नागरिकको अभिभावक हो । संविधानले हरेक नागरिकलाई आवासको हक सुनिश्चित गरेको छ । कसैले बस्ने आवास भएन भनेर राज्यलाई गुहार्दा बस्न दिनुपर्ने राज्यको संवैधानिक दायित्व हो । आवासको अधिकारसम्बन्धी ऐन र भूमि ऐनलगायतका कानुनहरूमा जबरजस्ती निष्कासन गर्न नपाउने प्रष्ट भनिएको छ । आवासको अधिकारसम्बन्धी ऐनले कुनै पनि कानुनसम्मत गरिने निष्कासन प्रक्रियाका उपायहरूको व्यवस्था गरेको छ । तर राज्यका निकायहरूको व्यवहार निष्कासन प्रक्रिया सुनिश्चितताका उपायहरूको अवलम्बन नगर्ने देखिनु दुःखद् छ । अध्ययनले नै नागरिकलाई जबरजस्ती हटाउने काममा राज्य अभिभावकीय भूमिकाअनुसार नदेखिएको भनेर औंल्याउनु विडम्बनापूर्ण छ । यदि सरकारले नै संविधान र ऐनको पालना गर्दैन भने कसले गर्छ भन्ने प्रश्न उब्जिन्छ ।

नेपालमा अव्यवस्थित बसोबासी र आवासविहीनको समस्या नयाँ समस्या होइन । पुस्तौंदेखि एकै थलोमा बिताएकालाई त्यस्तै कानुन बनाएर सम्बोधन गर्नुपर्छ । अवसरका लागि कसैले समस्या सिर्जना गर्न खोजेका छन् भने त्यसलाई पनि कानुनअनुसार दण्डित गर्ने हो । शहरमा आएर कसैले सार्वजनिक ठाउँ ओगटेको छ भने गलत हो । यदि शहरमा थपिने चाप र गाउँ छोड्ने अवस्थाले अव्यवस्थित बसोबासी र आवासविहीनको अवस्था सिर्जना गरेको हो भने यो राज्यकै नीतिसँग जोडिन्छ । गाउँमै शिक्षा, स्वास्थ्यको राम्रो सुविधा उपलब्ध गराउने, रोजगारीका अवसर सिर्जना गरिदिने हो भने शहर केन्द्रित जनसंख्या आफैं कम हुन्छ । यस्तै काम गर्न र नागरिकलाई खुसी जीवन जिउने वातावरण बनाउन जनताले नै चुनेका जनप्रतिनिधिमार्फत शासन सञ्चालन हुने लोकतान्त्रिक प्रणाली अवलम्बन गर्न पुर्खाले रगत बगाएका हुन् । यसलाई मनन् गरियोस् र नागरिकलाई बिकल्प बिना बसोबास गरिरहेको ठाउँबाट जबरजस्ती हटाउने काम बन्द गरियोस् ।

# नेपाल–रुस सम्बन्धको ७ दशक

*नेपाल–रूस सम्बन्धमा केही चिसोपना देखिएकोमा शंका छैन । जुन चिसोपना आउनुमा हाम्रै कारण मुख्य हो भन्नेमा पनि दुबिधा छैन । विडम्बना नै भन्नुपर्छ, हामी पारस्परिक हितको पक्षमा समेत दह्रो उभिन सक्ने स्थितिमा छैनौँ...*

अग्रलेख



● टिकाराम खड्का

कूटनीतिबारे चर्चित विद्वान हान्स मोर्गेनथाउले भनेका छन्- कूटनीति कुनै सैद्धान्तिक कला होइन, यो राष्ट्रिय हितलाई शान्तिपूर्ण माध्यमबाट प्राप्त गर्ने व्यावहारिक कला हो । यता संयुक्त राष्ट्र संघका तत्कालीन महासचिव कोफी अनानले पनि उसैगरी भनेका छन्- हाम्रो धर्म, भाषा र छाला फरक भए पनि हामी एउटै मानव जातिका हौँ । यी भनाइले कूटनीतिलाई कला, मानव जातिको सार्वभौम हित र सरोकारलाई पारस्परिक हितसँग जोडेर गरिने व्यवहारलाई नै मानिएको छ ।

कूटनीति विशेष संवाद, सहकार्य र पारस्परिक हित नै हो । मानव जातिका लागि गरिने सामूहिक पहलको खाकाको रूपमा समेत कूटनीतिलाई लिन सकिन्छ । तर, कूटनीति भनेको सार्वभौम मुलुकले अँगाल्ने मुख्य वैदेशिक सम्बन्धको सेतु समेत हो । कूटनीतिक मर्यादा, मान्यता र सीमामा रहेर सन्तुलित प्रयोग गर्न सक्दा मात्रै पारस्परिक हितका विषयमा निष्कर्षमा पुग्न सकिन्छ । तर, के नेपालको कूटनीतिमा आउने उतारचढाव, पञ्चशीलताको मार्ग निर्देशन, असंलग्नतालगायतका कुरा व्यवहारिक रूपले लागू भइरहेका छन् त ? शक्ति राष्ट्रका सामु पनि नेपालको परराष्ट्र नीति सन्तुलित हुन पुगेको छ त ? यस्ता तमाम प्रश्नहरू छन्, जसको जवाफ मुलुकको सार्वभौमिकता र सान्दर्भिकतासँग समेत जोडेर हेर्ने गरिन्छ ।

कूटनीति कसरी सन्तुलित हुने वा कूटनीतिक सम्बन्ध कसरी नियमित र निरन्तर बनाइराख्ने । यो विषय गहन हो । यद्यपि, अहिले यो लेखमा नेपाल–रुस सम्बन्ध, यसमा हाम्रा राजनीतिक दलले राखिरहेका धारणा, सरकार र आम सर्वसाधारणमा रहेको एक खाले परराष्ट्र नीतिबारे केही चर्चा गरिएको छ ।

नेपाल–रुसबिचको कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वर्ष प्रवेश गर्दै छ । सन् १९५६ जुलाई २० मा तत्कालीन सोभियत संघसँग नेपालले औपचारिक सम्बन्ध स्थापना गरेको हो । उसो त सोभियत संघ विघटनपछि नेपाल सरकारले सन् १९९१ डिसेम्बर २८ मा रुसी महासंघलाई सार्वभौम तथा स्वतन्त्र राष्ट्रको रूपमा पूर्ण र औपचारिक मान्यता दिएको थियो । सन् १९५८ मा राजा महेन्द्र र १९७६ मा राजा वीरेन्द्रले रुसको औपचारिक भ्रमण गरेका थिए । उता रुसको तर्फबाट पनि सन् १९६० मा तत्कालीन सोभियत संघको सर्वोच्च सोभियतको प्रेसीडियमका अध्यक्ष मार्सल क्लिमेन्ट भोरोशिलोभले नेपालको राजकीय भ्रमण गरेका थिए । यसले दुई देशबिचको सम्बन्धका आयाम कसरी अघि बढिरहेका थिए भन्ने कुरालाई प्रस्ट पार्दछ ।

नेपाल–रुस सोभियत कालदेखि नै नजिकबाट विभिन्न क्षेत्रमा सहकार्य गर्दै आएका छन् भने रुसले नेपालमा पूर्वाधार, उद्योग, सडकदेखि विभिन्न क्षेत्रमा योगदान पुर्‍याएको छ । रुस नेपालले संयुक्त राष्ट्र संघदेखि अन्य क्षेत्रमा दुवै मुलुकको सार्वभौमिकता, क्षेत्रीय अखण्डता र आन्तरिक मामलामा अहस्तक्षेपकारी सिद्धान्तमा रहेर काम गर्दै आएका छन् ।

रुसले नेपाली विद्यार्थीलाई शिक्षा क्षेत्रमा उपलब्ध गराएको छात्रवृत्ति र त्यहाँ अध्ययनपछि नेपाल फर्किएका चिकित्सकदेखि इन्जिनियरले मुलुकमा ठूला योगदान पुर्‍याएका छन् । जुन कुरा नेपालका लागि रुसले देखाएको सदाशयताको रूपमा समेत लिन सकिन्छ । दुई मुलुकले कूटनीतिक सम्बन्धमा देखाएको उदारता, विश्वास र सार्वभौमिकताको प्रश्नले नै सम्बन्ध विशेष र विशिष्टीकृत भएकोमा शंका छैन ।



*नेपाल–रूस सोभियत कालदेखि नै नजिकबाट विभिन्न क्षेत्रमा सहकार्य गर्दै आएका छन् भने रूसले नेपालमा पूर्वाधार, उद्योग, सडकदेखि विभिन्न क्षेत्रमा योगदान पुर्‍याएको छ । रूस नेपालले संयुक्त राष्ट्र संघदेखि अन्य क्षेत्रमा दुवै मुलुकको सार्वभौमिकता, क्षेत्रीय अखण्डता र आन्तरिक मामलामा अहस्तक्षेपकारी सिद्धान्तमा रहेर काम गर्दै आएका छन्...*

कान्ति अस्पताल, पनौती हाइड्रो, पथलैया–ढल्केबर हाइवे, जनकपुर चुरोट कारखाना, कृषि औजार कारखाना, वीरगन्ज सुगर मिलदेखि प्राविधिक रूपमा समेत ठूलो सहयोग गरेको इतिहास छ । रुसले नेपालमा गरेका यस्ता सहयोगले के संकेत गरेको छ भने दुई मुलुकबिचको सम्बन्धका आयामहरू विशिष्टीकृत र उच्च प्राथमिकतामा आधारित थिए ।

राष्ट्रियसभाका पूर्व अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सन् २०१९ मा गरेको रुस भ्रमणमा पनि दुई देशका संसदको आपसी समन्वय, प्रविधि हस्तान्तरणलगायतका थुप्रै विषयमा सम्झौता गरेको थियो, भने रुसले नेपालमा हाइड्रोदेखि मल कारखानासम्ममा सहयोगको प्रस्ताव गरेको थियो । यद्यपि, नेपालले यो विषयलाई ध्यान दिन चाहेन वा भूराजनीतिक परिस्थितिका कारण हो, रुसी सहयोगको प्रस्ताव अहिले पनि थन्किएको अवस्थामा छन् ।

नेपालको परराष्ट्र नीतिको प्रयोगमा विभिन्न प्रश्न आन्तरिक रूपमा समेत उठ्ने गरेका छन् । यस्ता विषयले पनि नेपालको परराष्ट्र नीति एकैनासको हुन नसकेको र यसको प्रभाव विभिन्न मुलुकसँगको सम्बन्ध, सम्पर्क र बहुआयामिकतालाई प्रभाव पार्ने किसिमका रहेको भन्ने प्रश्न पेचिलो बनेको देखिन्छ । अहिलेको परराष्ट्र नीति माथि उल्लेखित सन्दर्भमा काम गरेको देखिन्छ । नेपाल–रुस सम्बन्ध बहुआयामिक बनाउनका लागि शिक्षा, पूर्वाधार तथा प्रविधिको क्षेत्रमा सहकार्यको विस्तार र दुई देशबिचको सम्बन्धलाई नयाँ आयाम दिनुपर्नेमा ध्यान दिन नसकिएको देखिन्छ ।

नेपाल रुसको विशेष सम्बन्धमा उतारचढाव आउनुमा धेरै कारणहरू छन् । अन्य शक्ति राष्ट्रहरूले लिने नीति, उनीहरूको विस्तार र प्रभावदेखि शासन सत्ताले सोच्ने तौरतरिकादेखि सम्बन्धित देशको अर्थ राजनीतिले समेत भूमिका निर्वाह गरेको देखिन्छ । नेपाल–रुसबिचको सम्बन्धका विभिन्न आयामलाई केलाउँदा पछिल्लो समय रुस युक्रेनसँगको युद्धमा सरिक हुनु र त्यहाँ नेपाली युवाहरू युद्धमा रूसको तर्फबाट सहभागी हुनुलाई पनि अविश्वासको रूपमा लिइएको छ ।

नेपालले असंलग्न परराष्ट्र नीतिको नाममा भारत र बेलायतका आफ्ना नागरिकलाई सेनाको रूपमा पठाउने तर, अन्य मुलुकमा किन नपठाउने ? कुनै असंलग्न राष्ट्रले किन यस्तो सम्झौता गरेर आफ्ना नागरिक विदेशी मुलुकका सेनामा पठाउँछ ? प्रश्नहरू यस्ता नभएका होइनन् । तर, रुसको पक्षबाट युद्धमा सहभागी भएका केही नेपालीहरूलाई रुसले फिर्ता गरिदिएको र कूटनीतिक पहलमार्फत सहज प्रतिक्रिया दिएको स्थिति पनि छ । तर, रुसी पक्षले नेपाली युवाहरूलाई रुसले आह्वान गरेर नभई विदेशी सेना लिने रुसी रणनीतिअनुसार उनीहरूले त्यहाँ पुगेर स्वतःस्फूर्त रूपमा सेनामा सहभागी भएको बताउने गरेको छ । यद्यपि, कहिले रुसी नागरिकतादेखि त्यहाँको राहदानीसमेत लिइसकेको बताइन्छ । जसकारण अब उनीहरूलाई नेपालले गैरआवासीय नेपालीको रूपमा चिन्ने अवस्था बन्न पुगेको छ । यो विषयमा भने रुसी पक्षको चित्त दुखाई पनि देखिने गरेको छ ।


समग्रतामा नेपाल–रुस सम्बन्धमा केही चिसोपना देखिएकोमा शंका छैन । जुन चिसोपना आउनुमा हाम्रै कारण मुख्य बनेको छ । हामी पारस्परिक हितको पक्षमा समेत दह्रो उभिन सक्ने स्थितिमा छैनौं । शक्ति राष्ट्र सामु नेपालले आफ्नो उपस्थिति दह्रो उभ्याउन सकेको देखिन्न । पञ्चशीलता, असंलग्नता र सबैसँग मित्रता, छैन कोहीसँग वैरभाव, क्षेत्रीय अखण्डता, सार्वभौमसत्ता लगायतका मुख्य विषय भए पनि मध्यरातमा प्रधानमन्त्री तहमा पुगेका नेताहरूलाई जासुसी संस्थाका प्रमुखले प्रवेश पाउने कुरा होस वा विदेशी कूटनीतिज्ञले लिने स्पेस नै किन नहोस् । सन्तुलन र एक खम्बे परराष्ट्र नीतिको अवलम्बन आजको आवश्यकता बनेको छ । पुरानो मित्रतालाई पुनर्स्थापित गर्दै नयाँ युगको आवश्यकतासँग जोड्नुपर्ने बेला भइसकेको छ ।

## इतिहासमा आज

२० जुलाई २००५ मा क्यानडाले नागरिक विवाह ऐन जारी गर्दै समलिङ्गी विवाहलाई वैधानिकता दिएको थियो ।



२० जुलाई २०१२ मा कोलोराडोको अरोरामा रहेको एक चलचित्र थिएटरमा जेम्स होम्स नामक व्यक्तिले अन्धाधुन्ध गोली चलाउँदा १२ जनाको मृत्यु भएको थियो भने ७० जनाभन्दा घाइते भएका थिए ।



२० जुलाई २०१५ मा संयुक्त राज्य अमेरिका र क्युबाले पाँच दशकपछि पूर्ण कूटनीतिक सम्बन्ध पुनः सुरु गरेका थिए ।




२० जुलाई २०२१ मा अमेरिकी व्यापारी जेफ बेजोस आफ्नो निजी अन्तरिक्ष उडान कम्पनी ब्लू ओरिजिनद्वारा सञ्चालित न्यू शेपर्ड एनएस-१६ मार्फत अन्तरिक्षको उडान भरेका थिए ।



# किन सामाजिक सुरक्षा कार्यक्रम ?

विचार



● भरत प्रसाद देवकोटा

*सामाजिक सुरक्षा कार्यक्रम श्रमिकहरूको जीवनस्तर सुधार गर्ने, आर्थिक असमानता घटाउने र सुरक्षित भविष्य सुनिश्चित गर्ने प्रभावकारी उपाय हो । नेपालको सन्दर्भमा असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरूलाई लक्षित गरी थालिएका यस्ता कार्यक्रमहरूले उनीहरूलाई दुर्घटना, रोग, बेरोजगारी वा वृद्धावस्थामा पर्ने जोखिमबाट जोगाउन सहयोग पुर्‍याउँछ...*

सामाजिक सुरक्षा जन्मदाताका रूपमा चिनिने जर्मन चान्सलरले सबैभन्दा पहिले सन् १८८० मा जर्मनीमा स्वास्थ्य बिमा योजनाबाट सामाजिक सुरक्षाको सुरुवात गरेका थिए । यसैगरी, फ्रान्सले सन् १९०२ मा बेरोजगार बिमा जस्ता कार्यक्रम विभिन्न देशले सामाजिक सुरक्षा योजना लागू गरेको पाइन्छ । वि.सं. १९९१ मा प्रधानमन्त्री जुद्ध शमशेरले सैनिक कोष खडा गरी सामाजिक सुरक्षा प्रणालीको सुरुवात गरेका थिए ।

सामाजिक सुरक्षा कोषको स्थापना सामाजिक सुरक्षा (व्यवस्थापन कोष तथा सञ्चालन) नियमावली, २०६७ जारी भई सो बमोजिम २०६७ साल चैत्र ७ गते भएको हो । यस कोषले स्थापनाकाल देखि सामाजिक सुरक्षा करको व्यवस्थापन गर्दै आएकोमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएपछि सो ऐनबमोजिम कार्य गर्दै आएको छ । सुरक्षा ऐनले औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराउन सक्ने व्यवस्था गरेको छ । जसले गर्दा कोषको कार्य क्षेत्रलाई व्यापक बनाएको छ । विसं २०७६ साउन १ देखि सामाजिक सुरक्षा कोषमार्फत नियमित योगदान रकम समेत संकलन भइरहेको छ ।

वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूसँग सम्बन्धित सामाजिक सुरक्षा कार्यान्वयन वैदेशिक क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधिबमोजिम हुने गर्दछ । पहिलो चरणमा देशभित्र औपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई मात्र समेटिने गरी सामाजिक सुरक्षा योजनाहरूको सुरुवात भएको थियो । वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूले सामाजिक सुरक्षा कोषमा योगदान रकम जम्मा गर्दा हाललाई रोजगारदाताले वा सरकारले थप कुनै रकम जम्मा गरिदिने व्यवस्था भने छैन । श्रमिकले २/२ वर्षमा पुनः श्रम स्वीकृत लिने क्रममा म्यादी जीवन बिमा भर्ने गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । कोषमा योगदानकर्ताले देशभरका ७१ वटा अस्पतालबाट उपचार सुविधा पाउने लिन मिल्ने व्यवस्था रहेको छ ।


नेपालजस्तो विकासमूलक देशमा सबै क्षेत्रमा समानुपातिकरूपमा विकास भई नसकेको, निजी क्षेत्र नाफामा मात्र केन्द्रित हुनुका साथै निजी क्षेत्रको व्यावसायिक नैतिकता र अनुशासन तथा ग्राहकमुखी दृष्टिकोण पूर्णरूपमा विकास भई नसकेको, औद्योगिक क्षेत्रमा राष्ट्रिय अन्तर्राष्ट्रिय लगानी र विकास भई नसकेको अवस्थामा सार्वजनिक संस्थानको आवश्यकता दिन बढ्दो छ । नेपालमा सार्वजनिक संस्थानहरूको सुरुवात नभएको भए वर्तमान आर्थिक तथा सामाजिक क्षेत्रको विकास हुने थिएन । जनताको जीवनस्तर अत्यन्त कष्टकर हुने थियो । प्रविधिमा विश्वले छर्लङ्ग मारिरहेको अवस्थामा हामी ढुङ्गे युगको वातावरणमा बस्नुपर्ने अवस्था हुने थियो । लगानीमैत्री वातावरण तयार गरी निजी क्षेत्रलाई समेत राष्ट्रिय विकासमा समाहित गराउने र रोजगारी सिर्जना गर्ने महत्वपूर्ण भूमिका रहन्छ ।

नेपालमा औद्योगिक क्षेत्रका साना, मझौला र ठूलागरी करिब ९ लाख रोजगारदाता प्रतिष्ठान रहेका छन् । हालसम्म सामाजिक सुरक्षा कोषमा २० हजार ३०२ वटा रोजगारदाताहरू प्रतिष्ठानमा सूचीकृत भएका छन् । ती प्रतिष्ठानमा कार्यरत ५ लाख ७१ हजार ९३७ जना आबद्ध छन् । सामाजिक सुरक्षा कोषले श्रमिकले ११ प्रतिशत र रोजगारदाताले २० प्रतिशत गरी कुल ३१ प्रतिशत रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

नेपालको संविधान २०७२ भाग ३ को धारा ३४ मा श्रमको हक उल्लेख गरिएअनुसार प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा र योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ । सरकारले उपदान पाउने बाहेकका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने व्यवस्था गर्ने गरी राजपत्रमा सूचना प्रकाशित गरिसकेको छ । जसअनुसार सरकारी सेवाको अस्थायी करार ज्यालादारीमा कार्यरत प्रत्येक प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, निगम बोर्ड कम्पनी, लिमिटेड, प्राधिकरण र प्रतिष्ठानमा कार्यरतले कोषमा समावेश हुन पाउनेछन् ।

निष्कर्षमा, सामाजिक सुरक्षा कार्यक्रम श्रमिकहरूको जीवनस्तर सुधार गर्ने, आर्थिक असमानता घटाउने र सुरक्षित भविष्य सुनिश्चित गर्ने प्रभावकारी उपाय हो । नेपालको सन्दर्भमा असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरूलाई लक्षित गरी थालिएका यस्ता कार्यक्रमहरूले उनीहरूलाई दुर्घटना, रोग, बेरोजगारी वा वृद्धावस्थामा पर्ने जोखिमबाट जोगाउन सहयोग पुर्‍याउँछ । श्रमको सम्मान, सामाजिक न्याय र समावेशी समृद्धिको आधारशिला निर्माण गर्न यस्ता कार्यक्रम अपरिहार्य छन् । तर, व्यवहारमा अझै धेरै श्रमिक यस्ता सुविधाबाट वञ्चित छन्, कारण हो जानकारीको अभाव, पहुँचको कठिनाइ र कार्यान्वयनमा कमजोरी । श्रमिकको योगदानको उचित मूल्यांकन गर्दै राज्यले सामाजिक सुरक्षा कार्यक्रमलाई सशक्त बनाउने हो भने, त्यसले उनीहरूको आत्मसम्मान बढाउनुका साथै समग्र आर्थिक वृद्धिमा पनि योगदान पुर्‍याउँछ । नीति निर्माणमा स्पष्टता, कार्यान्वयनमा पारदर्शिता र श्रमिकमैत्री वातावरण निर्माण गरेर मात्र यस्ता कार्यक्रम सफल बन्न सक्छन् । त्यसैले सामाजिक सुरक्षा कार्यक्रम केवल सुविधा होइन, श्रमिकप्रति राज्यको उत्तरदायित्व हो ।

## सामाजिक सञ्जाल



**भीम रावल**

कुनै पनि उच्च पदस्थ व्यक्ति भ्रष्टाचार, अनैतिक र देश हित विरोधी क्रियाकलापमा संलग्न भएको गम्भीर कुरा सार्वजनिक भएमा त्यस्तो व्यक्तिले सरकारी पदबाट राजीनामा दिँदैमा उन्मुक्ति पाउन सक्दैन । छानबिन गरी कानुनी कारबाही हुनुपर्छ । पार्टीमा भए निलम्बन गरी छानबिन गर्दै कारबाही गर्नुपर्छ ।



**श्याम दाहाल**

एउटा वडाध्यक्ष बन्न ३५ लाख लगानी गर्नुपर्छ, सांसद बन्न ५ करोड खर्च हुन्छ, मन्त्री बन्न कति लाग्छ, थाहा भएन ! एउटा कर्मचारी मालदार मन्त्रालय, मालपोत, भन्सारमा सरुवा हुन त त बोरामा नै पैसा बुझाउनु पर्दो हो ! यत्रो पैसा लगानी गरिसकेपछि उसले घुस नखाला भनेर कसरी पत्याउने ?



**हरिचन्द्र पाण्डेय**

कुरा बलराम अधिकारी, सरोजकुमार गुप्ता, रमेश लेखक वा अर्को पात्रको मात्र होइन । २०४८ पछि सत्तामा पुगेका पार्टी र तिनका नेता कार्यकर्ताहरू सबका सब लुटेरा, चोर, ठग, माफिया, तस्कर र भ्रष्ट हुन् । यी कसैको विगत र वर्तमान सङ्लो र सफा छैन । कुनै एउटालाई देखाएर अर्को चोखो भन्ने भ्रम नछरौं ।



**किशोर नेपाल**

वर्तमान सरकारका एकपछि अर्का मन्त्रीहरू घूस मुद्दामा तानिएका छन् । भ्रष्टाचारविरुद्ध 'शून्य सहनशीलता'को नारा अलपत्र परेको छ । भ्रष्टहरूको समूह जनतामाथि हाबी भएका छन् । 'अन्धेर नगरी चौपट राजा टका सेर भाजी टका सेर खाजा !' भनेको यही होला !

## अर्घाखाँचीमा जंगली जनावरको आतंक

# कांग्रेसको पहलमा समाधानको प्रयास सुरु

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ साउन



अर्घाखाँची जिल्लाका ग्रामीण क्षेत्रका बासिन्दा पछिल्लो समय जंगली जनावरको आतंकबाट पीडित भइरहेका छन् । भूमिकास्थान नगरपालिका-९ घडेरीडाँडाका स्थानीय जगबहादुर सुनुवार गत बिहीबार बँदेलको आक्रमणबाट घाइते भए ।

स्थानीय सन्तोष भुसालका अनुसार, खेतबारीमा लगाएको अन्नबाली बाँदरले दिनभर र बँदेलले रातभर नष्ट गर्दै आएको छ । अब त यी जनावरहरूले मानिसहरूमाथि समेत आक्रमण गर्न थालेपछि गाउँका बासिन्दा थप त्रसित बनेका छन् ।

'गाउँमा साह्रै डर लाग्न थालेको छ,' भूमिकास्थान नगरपालिका-९ का बीरबहादुर राना भन्छन्, 'केटाकेटीलाई पनि आक्रमण गर्ने भएपछि कसरी बाँच्ने भन्ने चिन्ता बढेको छ ।'

बँदेल प्रायः राति खेतबारीमा आउने र कहिलेकाही दिनको समयमा पनि देखिने भएकाले स्थानीयहरू बाली जोगाउन सकसमा परेका छन् ।

त्यस्तै, बजार क्षेत्रहरूमा पनि भुसिया कुकुरको डरलाग्दो बिगबिगी देखिएको छ । गाईवस्तु, कुखुरा, बाख्रालगायतलाई कुकुरले आक्रमण गरेर क्षति पुऱ्याइरहेको स्थानीयको गुनासो छ ।

बाँदर र बँदेलको आतंकले सन्धिखर्क नगरपालिका, पाणिनी गाउँपालिका, मालारानी गाउँपालिका, छत्रदेव गाउँपालिकालगायतका क्षेत्रमा किसानहरूले बारी बाँझै छाड्न थालेका छन् ।

स्थानीयको यही गुनासोलाई लिएर नेपाली काङ्ग्रेस अर्घाखाँचीले प्रमुख जिल्ला अधिकारी (सीडिओ) मार्फत सरकारको ध्यानाकर्षण गराएको छ । कांग्रेस अर्घाखाँचीका सभापति केशव श्रेष्ठका अनुसार, डिभिजन वन कार्यालय र कृषि ज्ञान केन्द्रसँग पनि छलफल गरिएको छ । बाँदर, बँदेल र कुकुरको आतंक न्यूनीकरण गर्न डिभिजन वन कार्यालय अर्घाखाँचीले हालै १० जना वन हेरालु भर्ना गर्ने सूचना प्रकाशित गरेको जानकारी प्रवक्ता केशव खड्काले दिएका छन् ।

यसैबीच, सदरमुकाम सन्धिखर्कमा पनि भुसिया कुकुरको आतंकका कारण बिहान-बेलुका हिँड्न निस्कने मानिसको संख्या घट्दै गएको देखिएको छ ।

स्थानीय नागरिकले जंगली जनावर नियन्त्रण गर्न दीर्घकालीन योजना बनाउन र प्रभावकारी उपाय अपनाउन सरकारसँग माग गरेका छन् ।

# संखुवासभामा २ नयाँ पुल सञ्चालनमा



**संखुवासभा/मस-** संखुवासभाका दुई महत्वपूर्ण स्थानलाई जोड्ने पक्की पुल शनिबारदेखि औपचारिक रूपमा सञ्चालनमा आएका छन् । यी पुलले स्थानीयको आवागमन र कृषि उत्पादनको बजार पहुँचमा सहजता ल्याउने अपेक्षा गरिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले आज आयोजित एक कार्यक्रममा ती पुलको उद्घाटन गर्दै निर्माणमा भएको ढिलाइसुस्तीप्रति गम्भीर असन्तुष्टि व्यक्त गरे । उनले ठेकेदारको लापरबाहीका कारण जनताले समयमा सेवा पाउन नसकेका भन्दै यस्तो ढिलासुस्ती अब स्वीकार्य नहुने बताए ।

चैनपुर नगरपालिका-१ र मादी नगरपालिका-९ जोड्ने यावरा खोलामाथिको ६३ मीटर लामो पुलको निर्माण वि. सं. २०७३ देखि सुरु भएको थियो । विसं २०७९ पुससम्म सम्पन्न गर्ने लक्ष्य राखिए पनि ठेकेदार कम्पनी कुन्सालिङ निर्माण सेवाको ढिलाइका कारण तीन वर्ष बढी समय लागेको हो । पुल निर्माणमा रु. सात करोड १९ लाख ६५ हजार खर्च भएको छ ।

धर्मदेवी नगरपालिका-४ र मादी नगरपालिका-६ जोड्ने माया खोलामाथिको ६३ मिटर लामो पुल निर्माण कम्पनीको लापरबाहीका कारण निर्धारित समयभन्दा साढे तीन वर्ष ढिलो गरी सम्पन्न भएको हो । वि. सं. २०७४ मा सुरु भएको यो पुल निर्माणमा रु. छ करोड २५ लाख ३९ हजार खर्च भएको जनाइएको छ । यी दुई पुल सञ्चालनमा आएसँगै स्थानीय बासिन्दाले यातायात र कृषि उपज ढुवानीमा राहत पाउनेछन् ।

# ऐनापहरामा 'स्काइ वाक' सञ्चालन



**तनहुँ/मस-**तनहुँ आँबुखैरेनी गाउँपालिका-२ स्थित पर्यटकीय गन्तव्यस्थल ऐनापहरामा साहसिक स्काइ वाक शनिबारदेखि व्यवसायिक रूपमा सञ्चालनमा आएको छ । गत जेठ दोस्रो हप्तादेखि यहाँ स्काइ वाक निर्माण सुरु गरिएको थियो । स्काइ वाकका लागि प्रतिव्यक्ति रु २५० शुल्क तोकिएको छ ।

ऐनापहरालाई पर्यटकीय हब बनाउने उद्देश्यसहित गाउँपालिकाले स्काइ वाक निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । रु १५ लाखको लगानीमा स्काइ वाक निर्माण गरिएको हो ।

कूल ५० मिटर अग्लो र ५७ मीटर लामो स्काइ वाकको प्रत्येक पाइला बीचमा एक फिटको खाली स्थान राखिएको छ । उनले भने, 'स्काइ वाकमा हिँड्दा हरियाली, शान्त पहरा र खुला आकाशको बीचमा एक अनौठो साहसिक अनुभव गर्न सकिनेछ । सुरक्षा उपायसहितको उच्च गुणस्तरीय निर्माण भएकाले डर मान्नुपर्ने अवस्था छैन ।'

यस ठाउँ पछिल्लो समय पर्यटकको आकर्षणको केन्द्र बनिरहेको रहेकाले यहाँ पूर्वाधार थप गरिएको उनको भनाइ छ । स्काइ वाकले यहाँको पर्यटन विकास र साहसिक गतिविधिका लागि सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे ।

पृथ्वीराजमार्गसँगै जोडिएको यस ठाउँ पर्यटकको घुम्ने गन्तव्यको रूपमा विकास भएको छ । बिदा र शनिबार दिन यहाँ आन्तरिक पर्यटकको घुइँचो नै लाग्ने गरेको छ । शनिबार यहाँ एक हजारभन्दा बढी पर्यटकको आगमन हुने गरेको आँबुखैरेनी गाउँपालिका-२ का वडाध्यक्ष आशबहादुर गुरुङले जानकारी दिए ।

ढुंगामा विभिन्न कलात्मक आकृति कोरिएको यस ठाउँ पर्यटकको रोजाइमा परेको उनले बताए । उनले भने, 'गाउँपालिकाले यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा अगाडि बढाएको छ । राजमार्गसँगै जोडिएकाले पनि यस ठाउँ रोजाइमा पर्ने गरेको छ ।'

ऐनापहराबाट गाउँपालिकाले रु ६० लाखभन्दा बढी आम्दानी गरिसकेको छ । राजमार्गको नजिकै रहेको उक्त ठाउँ पर्यटकीय स्थलको रूपमा विकास भएपछि यस ठाउँलाई थप सुन्दर र आकर्षक बनाउन उद्यान निर्माण गरिएको छ ।

यहाँ झरना झरेको ठाउँको ढुंगामा गणेशको आकृति बनाइएको छ भने झरना नजिकैको ढुंगामा आमा र बच्चा तथा परीको आकृति बनाइएको छ । तनहुँकै अग्लो महाभारत पर्वत शृंखला छिम्केश्वरीको फेदीमा अवस्थित सिउढी खोलाको पानी बगेर झरनामा मिसिएको छ ।

ऐनापहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन तयार गरेको जनाएको छ । यस ठाउँलाई व्यवस्थित गर्न आयोजनाको विस्तृत प्रतिवेदनअनुसार रु १० करोड बजेट आवश्यक पर्छ । प्रतिवेदनअनुसार यस ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायतका संरचना निर्माण गर्ने उल्लेख छ ।

# कालोपत्र गरिएको सडक महिना दिन नपुग्दै भत्कियो



**भोजपुर/मस-**भोजपुरको टेम्केमैयुङ गाउँपालिकाको गुम्बा-कोट-दिप्सा-पाँचधारे सडक कालोपत्र गुणस्तरहीन भएको भन्दै कोटका स्थानीय चिन्तित भएका छन् । कालोपत्र गरिएको सडक महिना दिन नपुग्दै उप्किएको तथा कालोपत्र सडकमा घाँस उम्रिएपछि स्थानीय चिन्तित भएका हुन् ।

यहाँ कालोपत्र गरिएको सडक महिना दिन नपुग्दै भत्किनुका साथै बीच सडकमा घाँस उम्रिएको टेम्केमैयुङ ६ का वडाध्यक्ष सूर्यप्रसाद नेपालले बताए । सडक निर्माणमा गुणस्तरहीन काम भएपछि कारवाहीको माग गरिएको उनको भनाइ छ । यहाँ गत असार महिनामा सडक कालोपत्र गरिएको वडाध्यक्ष नेपालले जानकारी दिए।

'सडक कालोपत्र भएको महिना दिन नपुग्दै उप्किएको छ' वडाध्यक्ष नेपालले भने, 'सडक निर्माणको काममा अत्यन्तै लापरबाही भएको अवस्था छ । कालोपत्र सडकको बीचमा घाँस उम्रिएको छ । सडक निर्माणमा गुणस्तरहिन काम भएको प्रष्ट देख्न सकिन्छ ।'

सडक डिभिजन कार्यालय तुम्लिङटार अन्तर्गत आर एन आर आर कम्पनीले असार महिनामा यहाँको शुन्य विन्दु गुम्बाबाट एक किलोमिटर सडक कालोपत्र गरेको वडाध्यक्ष नेपालले बताए । टेम्केमैयुङका चार वटा वडासँगै खोटाङ जिल्लालाई जोड्ने सडकमा सुरुवाती चरणमै गुणस्तरहिन काम भएपछि स्थानीय आकोसित बनेको उनको भनाइ छ ।

कालोपत्र गरिएको सडक छोटो समयमा ठाउँठाउँमा भत्किएको टेम्केमैयुङ-७ का वडाध्यक्ष बालबहादुर खड्काले बताए । गैर जिम्मेवार ढंगले सडक कालोपत्र गर्ने निकायलाई राज्यले कारवाहीको दायरामा ल्याउनु पर्ने उनको भनाइ छ । 'यो सडक निर्माणमा अत्यन्तै गुणस्तरहिन काम भएको अवस्था छ' वडाध्यक्ष खड्काले भने, 'कालोपत्र सडक भत्किएको छ । अरु त के कालोपत्र गरिएको सडकमा झार उम्रिएको छ । हामीले गुणस्तरहिन काम गर्नेलाई कारवाहीको माग गरेका छौं ।' सडक कालोपत्रको क्रममा नालीसमेत व्यवस्थित नगरिएको स्थानीयबासी शरण राईले बताए । सडक कालोपत्र सुरु हुँदा उत्साहित बनेको अवस्थामा अहिले स्थानीय निराश बनेको उनको भनाइ छ ।

# धुलिखेलको 'जन्मोत्सव उद्यान'मा १ हजार बिरुवा रोपिए




**काभ्रेपलाञ्चोक/मस-** धुलिखेलस्थित 'जन्मोत्सव उद्यान' र आसपासका क्षेत्रमा शनिबार विभिन्न प्रजातिका एक हजार बिरुवा रोपिएका छन् ।

मुख्यसचिव एकनारायण अर्याल, महानिरीक्षक दीपक थापा, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालका साथै समाजका प्रतिष्ठित व्यक्तिहरुले संयुक्त रूपमा बिरुवा रोपेर उद्यानको पनि शुभारम्भ गरे ।

विभिन्न सञ्चार गृहमा आबद्ध पत्रकार तथा तराई विकास तथा सञ्चार केन्द्रद्वारा अभियानका रूपमा नगरपालिका-१० शारदाबतासेमा उद्यान बनाइएको हो । रौतहटको चन्द्रपुर-९ सिन्दुरेघारी मर्दर चाँदीखोलामा पनि उद्यान बनाइएको केन्द्रका अध्यक्ष गोविन्द चौलागाईंले बताए ।

त्यस अवसरमा श्रम तथा रोजगार मन्त्रालयका सचिव कृष्णहरि पुष्कर, धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्याञ्जू तथा उपप्रमुख निराजन जंगम, सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशक सुमन दाहाल, वाग्मती प्रदेश वन मन्त्रालयका सचिव डा.केदार बराल, राष्ट्रिय परीक्षा बोर्डका सदस्य सचिव जंगबहादुर अर्याल, प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक कोमल शाह, वडा धुलिखेल-१० का वडाध्यक्ष गोविन्द भण्डारीलगायत विभिन्न तहका सरकारी कर्मचारी, सुरक्षाकर्मी, जनप्रतिनिधि, कलाकार तथा सामाजिक अभियन्ता एवं सञ्चारकर्मीको सहभागिता थियो ।

# मधेश प्रदेशको चार सय ४२ हेक्टर वन अतिक्रमण मुक्त

**जनकपुरधाम/मस-** मधेश प्रदेशको वन निर्देशनालयले आर्थिक वर्ष २०८१/८२ मा लामो चार सय ४२ हेक्टर वनजंगलको जमिन अतिक्रमणकारीबाट छुटाएको जनाएको छ ।

उक्त निर्देशनालयबाट प्राप्त जानकारीअनुसार धनुषामा ३० हेक्टर, सर्लाहीमा एक सय ७५ हेक्टर, सप्तरीमा एक सय ११ हेक्टर, बारामा ५४ हेक्टर, पर्सामा ४५ हेक्टर, रौतहटमा १२ हेक्टर, सिरहामा १० हेक्टर तथा महोत्तरीमा तीन हेक्टर वन क्षेत्रको जमिन फिर्ता लिइएको छ ।

निर्देशनालयका निर्देशक जग्गनाथप्रसाद जयसवालले मधेस प्रदेशको आठवटै जिल्लाबाट अहिले पनि १६ हजार पाँच सय ९९ हेक्टर जमिन अतिक्रमणमा परेको जानकारी दिए ।

वन तथा वातावरणमन्त्री सञ्जयकुमार यादवले प्रशासनिक संयन्त्रले मात्र वनसम्बन्धी समस्या समाधान गर्न नसक्ने भएकाले राजनीतिक तथा स्थानीय संयन्त्रको समन्वय आवश्यक छ भने । वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले वन क्षेत्रलाई अतिक्रमण हुनबाट रोक्न मातहतका कार्यालयललाई कठोर भएर काम गर्न परिपत्र गरिएको तथा पर्याप्त जनशक्ति परिचालन गरेर परिणाम निकाल्ने गरी समन्वयका साथै अनुगमन हुने प्रतिबद्धता व्यक्त गरे ।

हाल देशमा ४५ प्रतिशत भू-भाग वनले ढाकेको भए पनि मधेश प्रदेशमा मात्र तीन दशमलव ७२ प्रतिशत भू-भाग वन क्षेत्रले ढाकेको सो निर्देशनालयले जनाएको छ ।

प्रदेशभरि दुई लाख दुई हजार दुई सय दुई वन क्षेत्र रहे पनि एक सय ३६ स्थानीय तहमध्ये ८९ वटामा वन क्षेत्र नै नभएको बताइएको छ । देशको कूल वन क्षेत्रमध्ये आठ प्रतिशत अतिक्रमणको चपेटमा परेको जनाइएको छ ।

# जडीबुटीका बिरुवासँगै तालिम दिँदै वनस्पति अनुसन्धान केन्द्र



**कैलाली/मस-**वनस्पति अनुसन्धान केन्द्र, कैलालीअन्तर्गत रहेको देव हरिया वनस्पति उद्यान, धनगढीले किसानलाई जडीबुटीका बिरुवा वितरणसँगै तालिम पनि दिएको छ ।

व्यावसायिक रूपमा जडीबुटी खेती गर्न इच्छुक किसान तथा व्यक्तिगत प्रयोजनको लागि बिरुवा रोप्ने व्यक्तिलाई आर्थिक वर्ष २०८१/८२ मा ८१ हजार २४२ वटा विभिन्न प्रजातिका जडीबुटीका बिरुवा वितरण गरेको वनस्पति अनुसन्धान केन्द्र कार्यालयका प्रमुख गंगादत्त भट्टले जानकारी दिए । जसमा चिउँरी, नीम, तेजपात, शितल चिनी, कुरिलोलगायत बोटबिरुवा रहेका छन् ।

अनुसन्धान केन्द्रले वार्षिक ५० हजार विभिन्न प्रजातिका जडीबुटीका बिरुवा उत्पादन गर्ने लक्ष्य भए पनि लक्ष्यभन्दा बढी बिरुवा वितरण गरिरहेको उनको भनाइ छ । केन्द्रले मापदण्ड बनाएर प्रत्येक आर्थिक वर्षमा जडीबुटीका बिरुवा वितरण गर्दै आएको छ भने प्रदेशमा जडीबुटी खेती विस्तारसम्बन्धी तालिम दिँदै आएको छ ।

गत आर्थिक वर्षमा कैलालीको चुरे गाउँपालिका-३ मा २९ जना र वडा नं ४ को गर्भामा २५ जना गरी जम्मा ५४ जनालाई जडीबुटी खेतीसम्बन्धी तालिम दिइएको कार्यालय प्रमुख भट्टले जानकारी दिए । त्यस्तै कैलाली र कञ्चनपुरका पाँच वटा जडीबुटी समूह सहकारीहरूलाई सम्बन्धी तालिम दिएको छ ।

तालिम दिने क्षेत्रमा पाइने जडीबुटीको अवस्था के छ, खेती गर्न सकिन्छ की सकिँदैन, त्यसको सम्भावना के छ, माटोको उर्वरा शक्ति कस्तो छ, अध्ययन गरी पहिचान गरेर मात्रै तालिमको तय हुने गरेको उनले बताए ।

कार्यालयले अघिल्लो आव २०८०/८१ मा बाजुराको बुढीगंगा र अछामको मेल्लेखमा त्यहाँ उत्पादन हुने जडीबुटीको पहिचान गरी ६० जनालाई जडीबुटी खेती विस्तारसम्बन्धी तालिम दिएको थियो । यी क्षेत्रमा रिठ्ठा उत्पादन हुने गरेको र अछामको रामारोशनमा सतुवा, डालेचुक उत्पादन हुन्छ सोहीलाई आधार बनाएर तालिम दिने गरिएको छ ।

गत आवमा करिब १० हजार चिउरीका बिरुवा उत्पादन गरिएकोमा त्यसमध्ये सात हजार ९०० बिरुवा वितरण गरी चुरे क्षेत्रका सामुदायिक वनमा रोपी सकेको उनले बताए । चिउरीको फूल माहुरीका लागि लाभदायिक हुन्छ भने यसको दानाबाट घ्यू उत्पादन गर्न सकिन्छ । जडीबुटी खेती गर्ने समूह सहकारीलाई अनुसन्धान केन्द्रले अनुदानको व्यवस्था पनि गर्दै आएको कार्यालय प्रमुख भट्टले बताए ।

**Gandaki Provincial Government**
**Ministry of Physical Infrastructure Development and Transport Management**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office**
**Nawalaparasi (Bardaghat Susta East)**

**Invitation for Bids**

**Date of publication: 2082-04-04 BS**

Infrastructure Development Office, Nawalparasi (Bardaghat Susta East) invites **online seal quotation only** under e-procurement system from eligible bidders for the providing service ***mentioned below*** under Sealed Envelope. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Bid Document fee | Bid Security (NRs) |
|---|---|---|---|---|
| 1 | Design and Publication of Notice in the Newspaper | IDO-NAW(BSE)-G-SQ-01-2082/83 | 1,000 | 50,000 |

Last date of bid submission: 2082-04-23, 12:00 PM
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank:- Rastriya Banijya Bank Ltd.
Name of Office: - Infrastructure Development Office, Kawasoti, Nawalparasi ( Bardaghat Susta East)
Office Code no. :- 3370146014
Office Account no(Rajaswa).: - 1000100200010000
Rajaswa (revenue) Shirshakno. : 14229

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

४ साउन २०८२ आइतबार
20 July 2025, Sunday

# ‘मिस एण्ड मिसेस गुरुङ’को शुभारम्भ




**काठमाडौं/मस–** ‘मिस एण्ड मिसेस गुरुङ’को नयाँ संस्करणको औपचारिक शुभारम्भ भएको छ। गुरुङ समुदायको संस्कृति, परम्परा संरक्षण तथा नारी सशक्तिकरणको उद्देश्यसहित आयोजित सौन्दर्य प्रतियोगिता ‘मिस एण्ड मिसेस गुरुङ २०८२’को उद्घाटन तथा ओरिएन्टेशन कार्यक्रम शुक्रबार एक कार्यक्रमबीच काठमाडौंमा भएको हो।

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीको विशेष उपस्थिति रहेको कार्यक्रममा इन्टरनेशनल कोरियोग्राफर रोजिन शाक्य, अभिनेता सरोज खनाल, पूर्वसांसद मानकुमारी गुरुङ, पूर्वडिआइजी डा. देउती गुरुङ, जिनोपेका प्रमुख कार्यकारी अधिकृत प्रिजम प्रधान, आयोजक टोलीका सानु खान, रबीलामा तामाङ, केशव थापा तथा नेपाल आइडल २०१७ का विजेता बुद्ध लामा विशेष अतिथिका रूपमा सहभागी रहेका थिए।

एसके इन्टरटेन्मेन्टको आयोजनामा सम्पन्न उक्त कार्यक्रमको नेतृत्व प्रबन्ध निर्देशक शान्ता लामा तामाङले गरेकी थिइन्।

‘मिस एण्ड मिसेस गुरुङ’ प्रतियोगिताले गुरुङ महिलाहरूको प्रतिभा, आत्मविश्वास र नेतृत्व क्षमतालाई उजागर गर्नुका साथै गुरुङ समुदायको भेषभूषा, संस्कृति र परम्परा संरक्षणमा योगदान पुऱ्याउने उद्देश्य बोकेको छ।

# मोडल सजिना लामिछाने अभिनीत तिज गीत सार्वजनिक




**काठमाडौं/मस–** नेपाली महिलाहरूको महान् पर्व तिज नजिकिँदै गर्दा सांगीतिक बजारमा तिज गीतहरू धमाधम सार्वजनिक भइरहेका छन्। यसैक्रममा रञ्जना कडरियाको शब्द, सजिना लामिछानेको संगीत, गायिका सञ्जु न्यौपानेको स्वरमा मर्मस्पर्शी मौलिक तिज गीत ‘आमाले सुने लुकेर रोलिन्’ सार्वजनिक भएको छ।

तिज गीत तीज पर्वका अवसरमा महिलालाई केन्द्रमा राखेर मूलतः महिलाद्वारा गाइने गीत हो। यस्ता गीतमा महिलाका इच्छा-आकांक्षा र अनुभव अभिव्यक्त हुन्छन्। लोक परम्परामा बाँचेका यी गीत पहाडी क्षेत्रका नारीहरूको सामाजिक इतिहासका दस्तावेज पनि हुन्।

छोरी चेलीको बेदना बोलेको तिज गीत ‘आमाले सुने लुकेर रोलिन्’को भिडियोमा मोडल, संगीतकार सजिना लामिछानेको मुख्य भूमिका रहेको छ। सजिनालाई रञ्जना कडरिया, खादानन्द कडारिया, निरु कडारिया, बासु खनाल, भीमा मैनाली, भुवन भट्टराईलगायतले अभिनयमा साथ दिएका छन्।

यस म्युजिक भिडियोमा मेकअप संगीता महतारा, छायांकन रमित बोहरा, सम्पादन राज धामी तथा निर्देशन सजिना लामिछानेको रहेको छ।

# मल्लको ‘निर्गम’ लोकार्पण




**काठमाडौं/मस–** साहित्यकार गोकर्ण मल्लको उपन्यास ‘निर्गम’ लोकार्पण भएको छ। रत्ननगर वाङ्मय प्रतिष्ठानले प्रकाशन गरेको उक्त उपन्यासको शनिबार आयोजित कार्यक्रममा प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. कुमारप्रसाद कोइरालालगायत साहित्यकारले संयुक्तरूपमा विमोचन गरे।

शिक्षा, उमेर, परिश्रम गर्ने क्षमता, आर्थिक अवस्था बलियो हुँदाहुँदै मजदुर, विद्यार्थी, कर्मचारी, उद्योगपतिका नाममा नेपाली युवामा विदेशप्रतिको मोह तथा त्यसका लागि सरकारले ऋणलगायतका सुविधा उपलब्ध गराएर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पुऱ्याइएको सहयोगलाई उपन्यासमा मूलरूपमा प्रस्तुत गरिएको छ।

लामो समय शिक्षणमा संलग्न साहित्यकार मल्लको यो तेस्रो सिर्जना हो। त्यस अवसरमा प्रा.डा. भट्टराईले ‘निर्गम’ वर्तमान यथार्थको हृदयहारी अभिलेखन भएको टिप्पणी गरे।

# लिम्बू भाषामा ‘ए फुङ्’ सार्वजनिक



**काठमाडौं/मस–** वरिष्ठ चलचित्र निर्देशक किशोर सुब्बाको निर्देशनमा बनेको लिम्बू भाषाको गीत ‘ए फुङ्’ सार्वजनिक भएको छ। उक्त म्युजिक भिडियो जेपिजे इन्टरटेन्टमेन्ट च्यानलबाट सार्वजनिक भएको हो।

गीतमा विवस बेनामको शब्द, मनि ताम्लिङको संगीतमा मनि ताम्लिङ र दिपा सुहाङको मिठो स्वर संग्रहित छ। सुमन थाम्सुहाङ र नविना सम्वाहाम्फेको मुख्य भूमिका रहेको भिडियोमा विजेता लिम्बू, सोनिया लाबुङ, निरा नेम्बाङ आदिको पनि अभिनय देख्न सकिन्छ।

अमेरिकाको विभिन्न रमणीय स्थानमा छायांकन गरिएको भिडियो सम्राट कार्कीले खिचेका हुन् भने सम्पादन मन्दिल श्रेष्ठ तथा कलरिङ विनय कंशाकारको रहेको छ।

## मूल्य सूचि

**HK Traders Pvt. Ltd.** द्वारा बिक्रि वितरण गरिदै आएको निम्न विवरणका मालवस्तुहरुको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | पैठारीकर्ताको नाम ठेगाना | स्थायी लेखा नम्बर | आयात निर्यात संकेत नम्वर | सामानको नाम | ब्राण्ड | मोडेल | अधिकतम खुद्रा बिक्री मूल्य १३%० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | H.K. Traders Pvt. Ltd. | 602397339 | 6023973390102NP | RANGE HOOD | ROBAM | 85H1 | 26,939 | Made in China |
| | | | | | | A852 | 41,447 | |
| | | | | | | A862 | 37,300 | |
| | | | | | | A675S | 93,668 | |
| | | | | | | A676 | 74,039 | |
| | | | | | | A606 | 35,230 | |
| | | | | HOB | ROBAM | B486 | 35,230 | |
| | | | | | | ZG7030B | 29,013 | |
| | | | | | | ZG8330B | 31,111 | |
| | | | | | | G370 | 31,080 | |
| | | | | | | JZY-9B6H30 | 39,374 | |
| | | | | | | JZY-9B6H31 | 41,444 | |
| | | | | | | JZY-9B6H41 | 47,664 | |
| | | | | OVEN | ROBAM | R306 | 62,169 | |
| | | | | | | R312 | 72,530 | |

**H.K. Traders Pvt. Ltd.** Maharajgunj, Kathmandu
Contact Number: 01-4723065

## साउदीमा रोजगार

कम्पनी: HQOAL ALEMTYAZ CO. FOR AGRICULTURE
पूर्व स्वीकृत मितिः २०८२/०४/०२ चलानी नं.: ६०२४११७२
शहर: Saudi Arabia
L.T. No.: 327349

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ साउन ११ गते (27 July 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**PERFECT DESTINATION PVT. LTD.**
Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5269014, 01-5268998 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np

## Invitation for Bids

## Rangeli Municipality

Date of publication: 2082/04/04

Invitation for Bids No: NCB/Rangeli/Goods/05/082/83

1. ***Rangeli Municipality*** has allocated funds towards the cost of Supply and Delivery of Electric Vehicle for Rangeli municipality. Bidding is open to all eligible Bidders.
2. The Rangeli Municipality invites ***electronic*** bids from eligible bidders for the procurement of ***Supply and Delivery of Electric Vehicle for Rangeli Municipality*** under National competitive bidding – Single Stage Single Envelope procedures.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank: Agricultural Development Bank
   Name of Office : Rangeli Municipality
   Office Code no. : 801011305
   Office Account no.: Ga (1.1) 0601401150257011
   Rajaswa (revenue) Shirshak no. : 14529
5. Pre-bid meeting shall be held at ***Rangeli Municipality*** at ***13:00, 2082/04/25***
6. Electronic bids must be submitted to PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00*** on ***2082/05/03***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00, 2082/05/03** at the office of Rangeli Municipality. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. ***125000/-***, which shall be valid for 30 days beyond the validity period of the bid .
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contracts (*packages/Lots* )are as follows:

| SN | Contract Identification Number | Name of Work | Stage / Envelop | Bid Security | Bid Document |
|---|---|---|---|---|---|
| 1 | NCB/Rangeli/ Goods/ 05/082/83 | Supply and Delivery of Electrical Vehicle for Rangeli Municipality | Single/ Single | 125000/- | 3000/- |

Chief Administrative Officer

## Thalara Multiple Campus

### Kholi, Bajhang

### Invitation for Electronic Bid for the Procurement Works

**Date of publication: 2082/04/04**

1. ***Thalara Multiple Campus, Kholi, Bajhang*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***Thalara Multiple Campus Building Construction Work Thalara -5, Bajhang (TMC/NCB/WORKS/01/2082/83)*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. ***51,59,279.86/-*** including VAT.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Thalara Multiple Campus Kholi, Bajhang*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the non-refundable bid document fee of NRs 3,000/- of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Kumari Bank Ltd. Name of Office: Thalara Multiple Campus
   Office Code no. :…………….. Account no.: 1840108461800001
4. Pre-bid meeting shall be held at ***Thalara Multiple Campus Kholi, Bajhang*** at ***[(2082/04/28) Aug 8, 2025 13:00 noon]***
5. Electronic bids must be submitted to the office ***of Thalara Multiple Campus Kholi, Bajhang*** through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00 noon*** on ***2082/05/03 (Aug 19, 2025).*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 noon*** on ***2082/05/03 (Aug 19, 2025)*** at the office of ***Thalara Multiple Campus Kholi, Bajhang.*** Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***1,29,000/-***, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

## दोधारा चादनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**दोधाराचाँदनी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८२/०४/०४)**

यस कार्यालयबाट मिति २०८२।२२।२४ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूको मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतको लागि सिफारिस भई आएबमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.न | ठेक्का नं. | कामको बिवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मु.अ.क बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३०/२०८१/०८२ | नगरपालिका परिसर पूर्वाधार निर्माण योजना, वडा नं ०५ | श्री कैलपाल निर्माण सेवा, दो.चा.न.पा ०५ कंचनपुर | १४,७२,६०५।७८ | |


**(गणेश दत्त मिश्र)**
**प्रमुख प्रशासकीय अधिकृत**

# भुटानविरुद्ध नेपालको गोल वर्षा, मिना र पूर्णिमाको ह्याट्रिक

**काठमाडौं/मस–** साफ यु-२० महिला फुटबल च्याम्पियनसिपमा शनिबार नेपालले भुटानलाई ८-० गोल अन्तरले पराजित गर्दै अंक तालिकाको शीर्ष स्थानमा उक्लिएको छ। बंगलादेशको ढाकास्थित बसुन्धरा स्पोर्ट्स ग्राउन्डमा भएको खेलमा मिना देउवा र पूर्णिमा राईले ह्याट्रिक गरे।

नेपालका अन्य दुई गोल समीक्षा मगर र कुसुम खतिवडाले गरे। जितसँगै नेपालले ५ खेलबाट १२ अंक बनाएको छ र आयोजक बंगलादेशलाई गोलअन्तरमा पछि पार्दै शीर्ष स्थानमा उक्लिएको हो। बंगलादेशले एक खेल कम खेलेको छ र १२ अंकसहित दोस्रो स्थानमा छ। नेपालले अहिलेसम्म प्रतियोगितामा ३० गोल गर्दै ४ गोल खाएको छ भने बंगलादेशले १९ गोल गर्दै ४ गोल व्यहोरेको छ।

खेलको सुरुवातमै ४४ औं सेकेन्डमा सरिता नाथको बल भुटानी डिफेन्डरको प्रयासपछि मिनाको




खुट्टामा पुग्दा उनले सजिलै गोल गरिन्। त्यसपछि ९औं मिनेटमा समीक्षाले मिनाबाट आएको बललाई गोलमा परिणत गरिन्।

१२औं मिनेटमा मिनाले रिबाउन्ड बललाई गोलमा परिणत गर्दै व्यक्तिगत दोस्रो गोल गरिन्। २३औं मिनेटमा मिनाको पासमा पूर्णिमाले गोल थपिन्।

इन्ज्युरी समयको सुरुतिर सरिताको प्रहारमा गोलकिपर चुक्दा पूर्णिमाले हेडमार्फत दोस्रो गोल गरिन्। इन्ज्युरी समयकै अन्त्यमा सेनु परियारको पासमा पूर्णिमाले तेस्रो गोल गर्दै ह्याट्रिक पूरा गरिन्। यो उनको प्रतियोगिताको दोस्रो ह्याट्रिक हो।

यसअघि उनले भुटानविरुद्धको पहिलो खेलमा पनि ह्याट्रिक गरेकी थिइन्। हालसम्म उनले १० गोल गरिसकेकी छन्।

६४औं मिनेटमा वैकल्पिक खेलाडी कुसुम खतिवडाले सुक्रियाको क्रसमा गोल गर्दै स्कोर ७-० बनाइन्। लगत्तै, मिनाले पनि तेस्रो गोल गर्दै ह्याट्रिक पूरा गरिन्। मिनाको पनि यो प्रतियोगिताको दोस्रो ह्याट्रिक हो। उनले हालसम्म ७ गोल गरिसकेकी छन्।

अब नेपालको अन्तिम खेल सोमबार आयोजक बंगलादेशसँग हुनेछ, जसले उपाधिको टुंगो लगाउनेछ।

# नेपाल खेलकुद महासंघ बझाङको अध्यक्षमा पुनः दौल्याल




**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ३ साउन

एमाले निकट नेपाल खेलकुद महासंघ जिल्ला कमिटी बझाङको तेस्रो अधिवेशन शनिबार सम्पन्न भएको छ। अधिवेशनले सर्वसम्म रूपमा नयाँ कार्यसमिति चयन गरेको छ।

अधिवेशनबाट अध्यक्ष पदमा नरेन्द्र दौल्याल पुनः निर्वाचित भएका छन्। उनले दोस्रो कार्यकालका लागि निर्विरोध नेतृत्व सम्हालेका हुन्। बझाङको खेलकुद क्षेत्रमा लामो समयदेखि सक्रिय दौल्यालको नेतृत्वमा खेलकुद महासंघले उल्लेखनीय गतिविधि गर्दै आएको छ।

उपाध्यक्षमा सुनिल बोहरा र आरती भण्डारी निर्वाचित भएका छन्। सचिव पदमा प्रदीप खड्का दोहोरिँदै पुनः चयन भएका छन्। उपसचिवमा सुनिल धामी र करणकान्त जोशी निर्वाचित भएका छन्। कोषाध्यक्षको जिम्मेवारी दीपक विष्टले पाएका छन्।

सदस्य पदमा मिना ऐडी, विनोद खड्का, पवन बोहरा, जगत धामी, सुरज रोकाया, सुरेश नेपाली, कृष्ण खड्का, योगेश ओली, सत्य बोहरा, निर्मला महत, शारदा बोहरा, जनक कुँवर, किशोर थापा र हेमन्त अधिकारी निर्वाचित भएका छन्।

कमिटीका सबै पदाधिकारी तथा सदस्यहरू निर्विरोध रूपमा चयन भएका हुन्। अधिवेशनमा खेलकुद क्षेत्रका अगुवाहरू तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूलगायतको उपस्थिति रहेको थियो।

# जिम्न्याष्टिकमा प्रधानको निरन्तरता



**काठमाडौं/मस–** नेपाल जिम्न्याष्टिक संघको केन्द्रीय साधारण सभाले ध्रुवबहादुर प्रधानलाई अध्यक्षमा निरन्तरता दिँदै २२ सदस्यीय केन्द्रीय कार्यसमिति शनिबार निर्विरोध चयन गरेको छ।

उपाध्यक्षमा बाबुराम थापा, दीपकृष्ण प्रजापति, सुशिलप्रकाश प्रधान, वचन देउजा, प्रमिला सिंह श्रेष्ठ र राजकुमार कार्की रहेका छन्। मुकुन्दराज शर्माले महासचिव, रामप्रसाद बस्याल र डा. कुस्मिला आचार्यले सचिव, सुनिलमान सिंहले कोषाध्यक्ष र संगिता खड्काले सहकोषाध्यक्षको जिम्मेवारी पाए।

सूर्यबहादुर अधिकारी, श्रीप्रसाद कोजु, विष्णुनारायण ग्वाछा, निरज थापा, शिवप्रसाद गौतम, राजु केसी, राजु कायस्थ, पर्मेश्वर जोशी, राजेशमान श्रेष्ठ र विवेकानन्द चौधरी सदस्यमा चयन भए।

नवनिर्वाचित पदाधिकारीलाई राष्ट्रिय खेलकुद परिषद् कार्यकारी समितिका सदस्य कमलबहादुर भट्टराईले एक कार्यक्रमबीच प्रमाणपत्र प्रदान गरे। त्यसअघि साधारण सभाको युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले उद्घाटन गरेका थिए। धोबीघाटस्थित सिद्धार्थ कटेजमा भएको साधारण सभामा एजीयुका प्रतिनिधि कौशिककुमार बिडिवालाको पनि उपस्थिति रहेको थियो।

# त्रियोग अन्तरस्कुल चेस आजदेखि




**काठमाडौं/मस–** त्रियोग हाई स्कुलको आयोजनामा पाँचौं त्रियोग अन्तर स्कुल चेस प्रतियोगिता आज आइतबारबाट सुरु हुँदै छ। स्विस लिग प्रणालीमा सञ्चालन हुने सो प्रतियोगितामा ६० विद्यालयका करिब ४ सय विद्यार्थीको सहभागिता रहने विद्यालयले जानकारी दिएको छ। दुईदिने कार्यक्रमअन्तर्गत पहिलो दिन छनोट खेल हुनेछन्। हरेक स्पर्धामा शीर्ष २० स्थान पाउनेको बीचमा दोस्रो दिन खेल हुने छ। प्रतियोगितामा कुल ८ स्पर्धा समावेश गरिएका छन्।

३ कक्षासम्म, कक्षा ४ र ५, कक्षा ६ र ७ तथा कक्षा ८ देखि १० सम्मका छात्र तथा छात्राको स्पर्धा समावेश गरिएका छन्। आयोजक विद्यालयले पहिलो दिनको बिहान ९ बजे सम्पूर्ण सहभागी विद्यालयलाई सम्पर्कमा आइसक्न अनुरोध गरेको छ।

## काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/०४/०४**

यस श्री दशरथ सामुदायिक वन उपभोक्ता समूह, बाँसगढी-७ गौरीपारा बर्दियाको बनबाट उत्पादन भई यस समूहको घाटगद्दीमा लट बनाई राखिएको साल जातको ७३०।३४ घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठमा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम ५२८ बमोजिम सूचीकृत ईच्छुक उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन २०८२/०४/२४ गते कार्यालय समयभित्र खरिद गरी २५ औं दिन २०८२/०४/२५ गते दिउँसो १२:०० बजे भित्र प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री दशरथ सामुदायिक वन उपभोक्ता समूह**
**बाँसगढी न.पा.-७, गौरीपारा बर्दिया**

नेपाल सरकार
वैदेशिक रोजगार विभाग, काठमाडौं

## दावी विरोध सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति :२०८२/०४/३**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री The Global Recruitment Agency Pvt. Ltd. (इ.प.नं. १२५३/०७४/०७५) ले यस विभाग समक्ष कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ०८ शाखा कार्यालय खोली शाखा प्रमुखमा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.०१ का गोपाल गुरुङ्गलाई नियुक्ति गरी संचालन गर्दै आएकोमा उक्त शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०३/०९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्रपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/०४/०४ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ साउन १९ गते सोमबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

### पुतलीसडक शाखा

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा मिति २०६७/१०/०४ मा दर्ता नं. ७९७०१/०६७/०६८ कायम भई दर्ता रहेको काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१ स्थित रजिष्टर्ड कार्यालय रहेको **स्यान्यो ईन्टरनेशनल प्रा.लि.**
**सञ्चालकहरू - राजेश कुमार श्रेष्ठ खिचा, केशर बहादुर थापा क्षेत्री,**

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **राजेश कुमार श्रेष्ठ खिचा**
ना.प्र.नं.- ९/६७७/१९८९
जारी मिति - २०५२/०३/२०, जि.प्र.का. सिन्धुली
बाबु - लक्ष्मी दास श्रेष्ठ
बाजे - नारायण दास श्रेष्ठ
स्थायी ठेगाना- सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स/न.पा वडा नं. ६,
हालको ठेगाना- काठमान्डौ जिल्ला, टोखा न.पा. वडा नं. १२,

२. **राम कुमार श्रेष्ठ**
ना.प्र.नं.- ६८४२/१३२२०
जारी मिति - २०४५/०२/१७, जि.प्र.का. सिन्धुली
बाबु - लक्ष्मी दास श्रेष्ठ
बाजे - नारायण दास श्रेष्ठ
स्थायी ठेगाना- सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स/न.पा वडा नं. ६,
हालको ठेगाना- काठमान्डौ जिल्ला, टोखा न.पा. वडा नं. १२,

३. **केशर बहादुर थापा क्षेत्री**
ना.प्र.नं.- १७६६४
जारी मिति - २०५२/०३/२३, जि.प्र.का. काठमान्डौ
बाबु - भरत बहादुर थापा क्षेत्री
बाजे - शिब बहादुर थापा क्षेत्री
स्थायी ठेगाना- काठमान्डौ जिल्ला का.म.न.पा वडा नं. ३१,
स्थायी ठेगाना- काठमान्डौ जिल्ला का.म.न.पा वडा नं. ३१,

४. **भारती श्रेष्ठ**
ना.प्र.नं.- ११९५०६
जारी मिति - २०५८/०७/०३, जि.प्र.का. कास्की
बाबु - कुलेन्द्रमान श्रेष्ठ
बाजे - भिम बहादुर श्रेष्ठ
स्थायी ठेगाना-स्याङ्जा जिल्ला, पुतलीबजार गा.वि.स/न.पा वडा नं. ११,
हालको ठेगाना- काठमान्डौ जिल्ला, टोखा न.पा. वडा नं. १२,

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **राजेश कुमार श्रेष्ठ खिचा**को नाममा मालपोत कार्यालय, बांकेमा दर्ता कायम रहेको बांके जिल्ला, मनिकापुर गा.वि.स/न.पा वडा नं. ९ स्थित कित्ता नं. ७११ को क्षे.फ. ५१५.०० (व.मी) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. **भारती श्रेष्ठ**को नाममा मालपोत कार्यालय, डिल्लीबजार, काठमान्डौमा दर्ता कायम रहेको काठमान्डौ जिल्ला, गोंगबु गा.वि.स/न.पा वडा नं. ८ स्थित कित्ता नं. ३३७ को क्षे.फ. २९०.६० (व.मी) को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
३. **राम कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, सुनाकोठी गा.वि.स/न.पा वडा नं. २ स्थित कित्ता नं. ५९१ र ५९५ को क्षे.फ. क्रमस ०-४-२-२ र ०-०-१-२ (रोपनी) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

### नारायणटार, काठमाण्डौ शाखा

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखामा मिति २०७८/०४/२६ मा प्रा.फ.र.नं. ३-३५-३८५-१५९७५१/२०७८/७९ समुन्द्रपार आयात निर्यात, दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नं. ५, जोरपाटी स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री नन्देश्वरी आलु प्याज तथा गला भण्डार।**
**प्रोप्राईटर - लाल बाबु चौधरी**

**लिलाम हुने सम्पत्तीको विवरण**

१. **गणेश चौधरी**को नाममा मालपोत कार्यालय, हरिवन, सर्लहीमा दर्ता कायम रहेको सर्लही जिल्ला, नेत्रगञ्ज गा.वि.स वडा नं. १ स्थित कित्ता नं. ११४५ को क्षे.फ. ०-१-१५-० (बि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **लाल बाबु चौधरी**
ना.प्र.नं.- ६६४८०८७९
जारी मिति - २०६१/०४/०७, जि.प्र.का. सर्लाही
बाबु - राम पुकार चौधरी
बाजे - धनुष चौधरी
स्थायी ठेगाना- सर्लाही जिल्ला, लालबन्दी न.पा, वडा नं. १
हालको ठेगाना- काठमाण्डौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ५

२. **गीना कुमारी चौधरी**
ना.प्र.नं.- १९३०९७/५२
जारी मिति - २०६३/१२/१२, जि.प्र.का. सर्लाही
बाबु - राम वाणक चौधरी
ससुरा - राम पुकार चौधरी
स्थायी ठेगाना- सर्लाही जिल्ला, नेत्रगञ्ज गा.वि.स., वडा नं. ८
हालको ठेगाना- काठमाण्डौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ५

३. **गणेश चौधरी**
ना.प्र.नं.- १९२०९७/५८७
जारी मिति - २०६९/०३/१०, जि.प्र.का. सर्लाही
बाबु - राम पुकार चौधरी
बाजे - धनुष चौधरी
स्थायी ठेगाना- सर्लाही जिल्ला, नेत्रगञ्ज गा.वि.स., वडा नं. ८
हालको ठेगाना- काठमाण्डौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ५

### मलंगवा शाखा

**१. ऋणीहरूको विवरण**

क. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर महोत्तरीमा मिति २०६५/०८/०४ मा प्रा.फ.र.नं. ५६४/७१/०६५/०६६ कायम भई दर्ता रहेको महोत्तरी जिल्ला, गा.वि.स रामगोपालपुर वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **सुनिल हार्डवेयर स्टोर्स।**
**प्रोप्राईटर - बैजु चौधरी**
ख. प्रदेश सरकार, प्रदेश नं.२, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा मिति २०७३/०८/०९ मा प्रा.फ.र.नं. ३५४५/६८/०७३/०७४ कायम भई दर्ता रहेको महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **जय माँ जगदम्बा ट्रेडर्स।**
**प्रोप्राईटर - धर्मशिला देवी चौधरी**

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **धर्मशिला देवी चौधरी**
ना.प्र.नं.- २०८६४९९५
जारी मिति - २०५४/०७/०३, जि.प्र.का. महोत्तरी
बाबु -बतहु चौधरी
बाजे - कैलाश चौधरी
ससुरा - मोतिचन चौधरी
पति - बैजु चौधरी।
स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- महोत्तरी जिल्ला रामगोपालपुर न. पा. वडा नं. ०६

२. **वैजु चौधरी**
ना.प्र.नं.- १४२४२२०४
जारी मिति - २०४४/१२/१०, जि.प्र.का. महोत्तरी
बाबु - मोतीचन चौधरी
बाजे - नन्दलाल चौधरी
स्थायी ठेगाना- महोत्तरी जिल्ला, औरही न.पा वडा नं. ०९
हालको ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ०६

३. **रोशन कुमार चौधरी**
ना.प्र.नं.- १८-२-०४३/७७
जारी मिति - २०७३/०४/३०, जि.प्र.का. महोत्तरी
बाबु - बैजु चौधरी
बाजे - मोतीचन चौधरी
स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर न.पा., वडा नं. ०६
हालको ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर न.पा., वडा नं. ०६

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **धर्मशिला देवी चौधरी**को नाममा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स वडा नं. ४क स्थित कित्ता नं. १०२३, ४४७ को क्षे.फ. क्रमशः ०-१-५.५ र ०-१-० (बि.क.धु) घर/जग्गा र ऐ.ऐ. रामगोपालपुर गा.वि.स वडा नं. ३क स्थित कित्ता नं. ९४७ को क्षे.फ. र ०-१-७.५ (बि.क.धु) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. **रोशन कुमार चौधरी**को नाममा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ४ स्थित कित्ता नं. ३४४ को क्षे.फ. ०-१-३.२५ (बि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
३. **बैजु चौधरी**को नाममा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ३ सिट नं. ३क स्थित कित्ता नं. १०८४ को क्षे.फ. ०-०-१५ (बि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ साउन १८ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ साउन १९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८२ साउन १९ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# होटल म्यानेजमेन्ट स्वरोजगार बन्ने शिक्षा हो



नेपाल हस्पिटालिटी क्षेत्रको विकासको लागि होटल म्यानेजमेन्ट कलेजको भूमिका बढ्दो छ । विगतमा होटल म्यानेजमेन्ट पढनका लागि बिदेश जानु पर्ने बाध्यताको कारण होटल म्यानेजमेन्ट पढ्ने विद्यार्थी निकै कम थिए । तर पछिल्लो समय होटल म्यानेजमेन्ट व्यवहारिक तथा प्रयोगात्मक शिक्षाको थलो बन्दै गएको छ । नेपालमा पर्यटकीय गन्तव्यको मुलुक भएको कारण समेत नेपालमा होटल म्यानेजमेन्ट पढ्नेलाई अवसर छ भने विदेशमा समेत राम्रो अवसरको रुपमा हेर्ने सकिन्छ । हस्पिटालिटी क्षेत्रका लागि अति नै आवश्यक जनशक्ति उत्पादन गर्ने मोसफलको चर्चित होटल म्यानेजमेन्टको शिक्षा दिइरहेको सिन्धुली कलेज अफ होटल म्यानेजमेन्टका प्रबन्ध निर्देशक समीर ढकालसंग मध्यान्हका छवि सापकोटाले गरेको कुराकानी ।

**समीर ढकाल**
प्रबन्ध निर्देशक, सिन्धुली कलेज अफ होटल म्यानेजमेन्ट

**नेपालमा होटल म्यानेजमेन्ट शिक्षाको आवश्यकता कति छ ?**

नेपालीमा अहिले सिप र रोजगारी दिन सक्ने शिक्षा नै होटल म्यानेजमेन्ट हो । होटल म्यानेजमेन्ट यस्तो शिक्षा हो, जो बिश्वको कुनै पनि स्थानमा गएर काम गर्न सक्षम बनाउछ । नेपालमा पछिल्लो समय होटल म्यानेजमेन्टप्रति आकर्षण समेत बढेको छ । हस्पिटालिटी उद्योग खुलिरहेको अवस्थामा नेपालमा रोजगारी प्राप्त गर्ने शौक्षिक क्षेत्र नै होटल म्यानेजमेन्ट बन्दै गएको छ । नेपालमा पर्यटन क्षेत्रमा देखिएको लगानी बिस्तारले समेत होटल म्यानेजमेन्ट पढेको बिद्यार्थीलाई ठुलो अवसर छ ।

**नेपालमा सञ्चालनमा रहेका होटल म्यानेजमेन्ट कलेजले गुणस्तरीय शिक्षा दिन सकेका छन् ?**

नेपालमा होटल म्यानेजमेन्ट पढेको बिद्यार्थीहरु जुन सुकै देश होस या स्वदेशमा अब्बल भएका छन् । हाम्रो शौक्षिक क्षेत्रमा सबै भन्दा राम्रो शिक्षाको रुपमा होटल म्यानेजमेन्ट क्षेत्रलाई हेर्न सकिन्छ । बिगतमा नेपालमा पढाई कम हुने हुँदा भारत लगायतको देशका मंहगो शुल्क तिरेर होटल म्यानेजमेन्ट पढ्न गइरहेको अवस्था थियो । तर अहिले होटल म्यानेजमेन्ट कलेजमा भारतबाट समेत बिद्यार्थी आइरहेको अवस्था समेत छ । नेपालका होटल म्यानेजमेन्ट कलेजमा विदेशमा अध्ययन र काम गरेका सेफहरु छन् । उनीहरुबाट हुने व्यवहारिक शिक्षाको कारण होटल म्यानेजमेन्ट शिक्षा राम्रो छ । नेपालमा पढेर विदेश जानेहरु समेत अब्बल नतिजा ल्याएका छन् । पछिल्लो समय पाँच तारे होटलहरुमा समेत नेपालमै होटल म्यानेजमेन्ट पढेकाहरुको संख्या बढ्दो छ ।

**होटल म्यानेजमेन्ट विद्यार्थीका लागि अवसरका क्षेत्र के-के हुन्छ ?**

हामी कहाँ होटल म्यानेजमेन्ट शिक्षालाई बेलैमा धेरैले चिन्न सकेनन् । अरु देशमा राम्रो अवसर हुँदा समेत हाम्रो शिक्षा नीतिमा निकै पछि मात्र प्रवेश पाएको थियो ।

होटल म्यानेजमेन्ट पढने विद्यार्थीका लागि आगामी दिन अझै करियर बनाउने अवसर बन्छ । होटल म्यानेजमेन्ट पढेकाले ट्राभल एन्ड टुरिज्म, बीबीए, बीबीएस, बीएससीआइटी वा अन्य स्नातक कोर्षमा सजिलै जान सक्छन् । आफै स्वारोजगार हुनेदेखि होटल, रिसोर्ट, ब्यांक्वेट, रेस्टुरेन्ट एन्ड बारदेखि इभेन्ट म्यानेजमेन्टमा समेत रोजगारीको अवसर छ । होटल म्यानेजमेन्ट सिप सिकाउने शिक्षा हो ।

**मोसफलको पुरानो सिन्धुली कलेज अफ होटल म्यानेजमेन्ट विद्यार्थीले किन रोज्ने ?**

सिन्धुली कलेज साविकको जनकपुर अञ्चल र सिन्धुली जिल्लाको पहिलो होटल म्यानेजमेन्ट कलेज हो । घरदेखि नजिकै वा शहरमा भन्दा सस्तो सेवा शुल्क लिएर सिन्धुली कलेज अफ होटल म्यानेजमेन्ट पढाइरहेको छ । पछिल्लो समय होटल म्यानेजमेन्ट पढ्नेको संख्या कलेजमा बढिरहेको छ । नेपालमा पर्यटन क्षेत्रमा अथाह सम्भावना भएको कारणले होटल म्यानेजमेन्ट कलेजमा जति बिद्यार्थीले पढिरहेका छन्, उनीहरुको भविष्य उज्जल छ । होटल म्यानेजमेन्ट पढेपछि जव मात्र गर्नु पर्छ भन्ने छैन, आफै सानो लगानी गरेर आफ्नो काम समेत सुरु गर्न सकिन्छ । यस्तै बिदेशमा समेत होटल म्यानेजमेन्ट पढेको बिद्यार्थीलाई राम्रो अवसर छ । अहिले सिप बिना बिदेश पलायन भइरहेको युवा जनशक्तिलाई होटल म्यानेजमेन्ट पढाएर इन्टर्नसिपमा मात्र पठाउन सक्ने हो भने राम्रो अवसर उनीहरुले प्राप्त गर्न सक्छन् । मोसफलको पुरानो होटल म्यानेजमेन्ट कलेज भएकोले सिन्धुली कलेज अफ होटल म्यानेजमेन्ट राम्रो पढाई हुने कलेजको रुपमा हेरिन्छ । यहाँ पढेको बिद्यार्थीलाई नेपाल, भारत लगायत विभिन्न देशमा इन्टर्नसिपमा पठाइने भएकोले विद्यार्थीको सिप र दक्षता बढने हुनाले रोजगारीको लागि निकै नै सहज छ । हामी कहाँ होटल म्यानेजमेन्ट पढाइसंगै सिप सिकाइलाई धेरै नै महत्व दिन्छौ । प्रयोगात्मक परिक्षाबाट नै विद्यार्थीमा निखरता आउने हुन्छ । कलेजमा अध्ययन गरेका अधिकांश विद्यार्थी नेपाल मै र विदेशमा समेत राम्रो अवसर पाइरहेका छन् ।

## प्राधिकरणका कर्मचारीको मूल्यांकनमा विद्युतीय प्रणाली लागू

**तारा पौडेल/मध्यान्ह**
काठमाडौं, ३ साउन ।




नेपाल विद्युत प्राधिकरणले कर्मचारी कार्यसम्पादन मूल्यांकन विद्युतीय प्रणालीबाट गर्ने प्रक्रियाको सुरुवात गरेको छ । चालु आर्थिक वर्षको साउन १ गतेदेखि औपचारिक रूपमा प्राधिकरणले सो प्रणालीको लागू गरेको हो । सो प्रणाली नेपालकै सार्वजनिक संस्थान र निजामती सेवा क्षेत्रमा सम्भवतः पहिलो पटक प्रयोगमा आएको मूल्यांकन विधि भएको हुनसक्ने जनाइएको छ ।

विद्युतीय प्रणालीमार्फत् कार्यसम्पादन मूल्यांकनको सुरुवत भएसँगै अब प्राधिकरणका कर्मचारीले आफ्नो कार्यसम्पादन विवरण अनलाइन फारममार्फत् पेश गर्न सक्ने जनाइएको छ भने सम्बन्धित अधिकारीले सोही प्रणालीबाट नै मूल्यांकन पनि गर्नेछन् । नयाँ तरिकाले कार्यसम्पादनको प्रक्रिया लागू भएपनि मूल्यांकन अभिलेखहरू गोप्य, सुरक्षित र विश्वसनीय रहने गरी डिजिटल माध्यममै अभिलेख राखिने प्राधिकरणले जनाएको छ ।

नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ को विनियम ५९ को उपविनियम २९ अनुसार यो प्रणाली लागू गरिएको हो । प्राधिकरणका निर्देशक शिव अधिकारीले मूल्यांकन प्रक्रियालाई डिजिटल बनाउँदै प्राधिकरणले नियमित, निष्पक्ष, पारदर्शी, सरल, मितव्ययी र उत्तरदायी प्रशासनिक सेवा प्रवाह गर्ने उद्देश्य राखेको बताए ।

मूल्यांकन प्रणाली कार्यान्वयन गर्नुअघि आवश्यक कार्यविधि, सूचना, परिपत्र, अन्तरक्रिया कार्यक्रम तथा प्रयोगकर्ता पुस्तिका तयार गरी सम्बन्धित सबै पक्षलाई जानकारी गराइसकेको अधिकारीको भनाइ छ ।

यो प्रणाली लागू भएपछि मूल्यांकन प्रक्रियामा हुने ढिलासुस्ती, दोहोरोपना र कागजी झन्झट अन्त्य हुने जनाइएको छ । प्रविधिमा आधारित नयाँ अभ्यासले संस्थागत सुशासन र कार्यदक्षता प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

एक सूचना प्रकाशित गर्दै यहि साउन १ गतेदेखि ७ गतेसम्म राति ११:५९ बजेसम्म सम्बन्धित कर्मचारीले कार्यसम्पादन मूल्यांकन गर्नसक्ने निर्देशक अधिकारीले जनाएका छन् ।

## बाढी आउनसक्ने भन्दै सतर्कता अपनाउन इप्पानको आग्रह

**काठमाडौं/मस** – स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले सम्पूर्ण जलविद्युत आयोजनालाई आगामी तीन दिनमा उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । जल तथा मौसम विज्ञान विभागबाट यही साउन ३, ४ र ५ गते देशभर अत्यधिक वर्षा भई नदीमा पानीको सतहले सतकर्ता बिन्दु पार गर्नसक्ने पूर्वानुमान भएकाले इप्पानले विज्ञप्ति जारी गर्दै जलविद्युत आयोजनामा पूर्वतयारी स्वरूप सतर्कता अपनाउन आग्रह गरेको हो ।

'इप्पान र जल तथा मौसम विज्ञान विभागबीच बाढीको पूर्वसूचना आदानप्रदान गर्ने सम्झौताअनुसार विभागले यस सम्बन्धमा इप्पानलाई पूर्वतयारीका लागि निरन्तर सूचना आदानप्रदान गर्दै आएको छ', इप्पानले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'विभागले यही साउन ३ गते साँझदेखि ४ गते बिहानसम्म पूर्वी नेपालमा भारी वर्षा हुने अनुमान गरेको छ ।

पूर्वी नेपालमा कोशी, तामोर, अरुण, तामाकोशी, दूधकोशी, कन्काईलगायतका नदीमा बाढी आउन सक्ने सम्भावना अत्यधिक रहेको विभागको भनाइ छ । कोशी नदी सतर्कता तह नजिक वा पार गर्न सक्ने स्थितिमा पुग्न सक्नेछ । पूर्वीनेपालबाट सक्रिय हुने मौसमी प्रणाली पश्चिम नेपालतर्फ अघि बढ्नेछ । साउन ४ गते बेलुका बागमती नदीमा बाढी आई काठमाडौं उपत्यका र तल्ला तटीय क्षेत्र प्रभावित हुने र साउन ५ गते दिउँसोसम्म महाकाली नदी र त्यसको तटीय क्षेत्रमा बाढी आउनसक्ने सम्भावना उच्च हुने विज्ञप्तिमा भनिएको छ ।

'यसपटकको मौसमी प्रणालीले मध्य नेपालमा बागलुङ, म्याग्दी, पर्वत, स्याङ्जा, पाल्पा, नवलपरासी, रूपन्देहीलगायतका जिल्लामा असर पर्नेछ, जसले नारायणी जलाधारको मध्य पहाडदेखि तल्लो तटसम्मलाई प्रभावित गर्नेछ', विज्ञप्तिमा भनिएको छ ।

साथै पश्चिममा राप्ती र बबई क्षेत्रमा पनि मध्यम स्तरको प्रभाव पर्ने सम्भावना भएको र महाकाली क्षेत्रमा साउन ४ गते बेलुकादेखि साउन ५ गते मध्यान्हसम्म बढी सतर्कता अपनाउनु आवश्यक रहेको जलतथा मौसम विज्ञान विभागलाई उदृत गर्दै इप्पानले जानकारी दिएको छ । मौसमसम्बन्धी पूर्वसूचनाहरू लिएर इप्पानमा आबद्धसहित देशभरका सम्पूर्ण निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत आयोजनाहरुलाई विपद्बाट हुन सक्ने सम्भावित मानवीय र भौतिक क्षति न्यूनीकरणका लागि पूर्वतयारीका कार्य अघि बढाउन इप्पानले आग्रह गरेको छ ।

गत असार २४ गते भोटेकोशी नदीमा आएको बाढीले रसुवा र नुवाकोटमा निर्माणाधीन तथा निर्माण सम्पन्न भइसकेका आधा दर्जन भन्दा बढी जलविद्युत आयोजनाहरूमा ठूलो क्षति पुऱ्याएको घटनाका साथै विगतका वर्षहरूमा पनि बाढी पहिरोले जलविद्युत आयोजना निर्माणमा संग्लग्न धेरै कर्मचारीहरूले ज्यान गुमाउनुका साथै आयोजनामा निकै ठूलो भौतिक क्षति भई वर्षौंसम्म विद्युत उत्पादन बन्द गर्नुपरेको घटनालाई स्मरण गराउँदै आगामी दिनमा यस्ता घना दोहोरिन नदिन इप्पानले आग्रह गरेको छ ।

## कर्पोरेट

### राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिको अध्यक्षमा ढकाल

**काठमाडौं/मस** – राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सञ्चालक समितिले देवकुमार ढकाललाई अध्यक्ष चयन गरेको छ । शुक्रबारको बैठकले सर्वसम्मत ढकाललाई अध्यक्ष चयन गरेसँगै उनले पदभार ग्रहण गरेका छन् ।

ढकालसँग नेपाल राष्ट्र बैंकमा ३० वर्षभन्दा बढी समय विभिन्न जिम्मेवारीमा रहेर सेवा गरेको अनुभव छ । पछिल्लो समय राष्ट्र बैंकको निर्देशकको जिम्मेवारीमा रहेर कार्य गरेका ढकाल वित्तीय प्रणाली, बैंकिङ प्रशासन तथा नियमन प्रणाली विषयको जानकार छन् । नवनियुक्त ढकाललाई बैंक



सञ्चालक समिति सदस्यहरू महेश भट्टराई, लक्ष्मण घिमिरे, प्राडा रामप्रसाद ज्ञवाली, रोमिला ढकाल उप्रेती, डा सूर्यबहादुर राना, प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, बैंकका व्यवस्थापन समितिका पदाधिकारी, कम्पनी सचिव प्रमोद अधिकारी एवम् प्रमुख कार्यकारी अधिकृतको कार्यालयका कर्मचारीहरूले स्वागत गरेका थिए ।

विसं २०२२ स्थापना भएको राष्ट्रिय वाणिज्य बैंकले अहिले तीन सय नौ वटा शाखा कार्यालयमार्फत् ७७ वटै जिल्लामा करिव ४७ लाखभन्दा बढि सेवाग्राहीलाई सेवा प्रवाह गर्दै आएको छ । बैंक आफ्नो सेवालाई समय सापेक्ष बनाउँदै प्रविधिमा आधारित वित्तीय समावेशीकरण र दिगो बैंकिङ सेवा विकासमा केन्द्रित रहेको छ ।

### कामना सेवा 'बिपिए गोल्ड अवार्ड २०२४'बाट सम्मानित

**काठमाडौं/मस** – कामना सेवा विकास बैंक चार्टड एकाउन्टेन्ट संस्थाबाट वार्षिक रूपमा प्रदान गरिने राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्ड २०२४ बाट सम्मानित भएको छ । बैंकले वित्तीय सेवा क्षेत्र तर्फको विधामा प्रदान गरिने गोल्ड अवार्ड प्राप्त गरेको हो ।




नेपाल चार्टड एकाउन्टेन्ट संस्था (आईक्यान) ले आर्थिक वर्ष २०२३/२४ को वार्षिक प्रतिवेदनका आधारमा संस्थाको वित्तीय पारदर्शिता, जवाफदेहीता र सुसासनका लागि उक्त अवार्ड प्रदान गरेको हो । बैंकले आफ्नो १८औं वार्षिक साधारण सभामा पेश गर्नको लागि तयार गरेको वित्तीय विवरणमा सेयरधनी तथा सरोकारवालाहरूलाई बैंकको विवरण उत्कृष्ट तवरले प्रस्तुत गरेको थियो ।

काठमाडौंको होटल न्याडिसनमा आयोजित एक कार्यक्रमका प्रमुख अतिथि माननीय महालेखापरीक्षक तोयम रायाले कामना सेवा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीलाई हस्तान्तरण गरेका हुन् । बैंकको उक्त पुरस्कृत वार्षिक प्रतिवेदनले नेपालको तर्फबाट दक्षिण एसियाली स्तरमा आयोजना हुने साफा बिपीए अवार्डका लागि प्रतिस्पर्धा गर्न समेत स्वतः मनोनित हुनेछ ।

गत वर्ष बैंकको वार्षिक वित्तीय विवरण चार्टड एकाउन्टेन्ट संस्था, नेपालबाट प्रदान गरिने 'बिपीए अवार्ड सिल्भर' र साउथ एसियन फेडेरेसन अफ एकाउन्टेन्ट (साफा) ले वित्तीय सेवा क्षेत्र अन्तर्गत प्रदान गरिने 'सर्टिफिकेट अफ मेरिट अवार्ड' बाट सम्मानित भएको थियो ।

### हिमालयन एभरेष्ट इन्स्योरेन्सद्वारा चार अर्ब बढी प्रिमियम आर्जन

**काठमाडौं/मस** – हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेडले आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म व्यावसायिक सफलता कायम राख्न उल्लेखनीय उपलब्धि हासिल गरेको छ । उक्त अवधिमा कम्पनीले चार अर्ब तीन करोड रुपैयाँ बराबरको बीमा प्रिमियम आर्जन गरेको हो ।

अघिल्लो वर्षको सोही अवधिको तुलनामा दोहोरो अंकको वृद्धि हासिल गर्दै प्रतिस्पर्धात्मक बजारमा पनि आफूलाई सफलतापूर्वक उभ्याएको देखिएको छ । कम्पनीले यो सफलता ग्राहकको विश्वास, उत्कृष्ट सञ्चालन व्यवस्थापन र कर्मचारीको मिहिनेतको प्रतिफलका रूपमा लिएको जनाएको छ ।

समीक्षा अवधिमा एक अर्ब ६५ करोड रुपैयाँ बराबरको दाबी भुक्तानी गरेको छ । छिटो, छरितो र पारदर्शी प्रणालीमार्फत् दाबी फछ्र्यौट गर्दै ग्राहक सेवामा उत्कृष्टता कायम राख्ने प्रतिबद्धता कम्पनीले जनाएको छ । 'यो उपलब्धिले हामी सबैलाई नयाँ ऊर्जा, आशा र आत्मविश्वास प्रदान गरेको छ, यो उपलब्धि भविष्यका लागि बेञ्चमार्क बन्नेछ र हामी यसैको आधारमा अझ उचाइमा पुग्नेछौं', प्रमुख कार्यकारी अधिकृत अन्जु श्रेष्ठले भनिन् ।

उनकाअनुसार नयाँ आर्थिक वर्षमा ग्राहक सन्तुष्टि, सम्बन्ध सुदृढीकरण, साथै डिजिटाइजेसन र प्रविधिको आधुनिकीकरणमा प्राथमिकता दिनेछ । प्राकृतिक प्रकोपलगायतबाट भएको क्षतिको दाबीलाई उच्च प्राथमिकतामा राखिने उनले बताइन् ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ